# हाम्रो मधुवन

## स्थानीय पाठ्यक्रम २०७८

## कक्षा १-८









## मधुवन नगरपालिका

## शिक्षा, युवा तथा खेलकुद शाखा

### मधुवन, बर्दिया

**प्रमुख संरक्षक**

श्री गणेश बहादुर क्षेत्री - नगर प्रमुख

**संरक्षक**

श्री सुवरानी थारु - नगर उपप्रमुख

**सल्लाहकार**

श्री ओमकार शाह - प्रमुख प्रशासकिय अधिकृत

श्री खिमराज पोख्रेल - लेखा अधिकृत

श्री नारायणप्रसाद खनाल - शिक्षा शाखा अधिकृत

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

श्री देवी बहादुर बस्नेत - संयोजक

श्री प्रशुराम चौधरी - सदस्य

श्री खगेन्द्रप्रसाद खनाल - सदस्य

श्री एलिजा जि.सी. - सदस्य

श्री इन्द्र बहादुर सुनार - सदस्य

श्री पदमराज चौधरी - सदस्य

श्री हरिबहादुर बस्नेत - सदस्य सचिव

**कार्यदलमा आमन्त्रित**

श्री पूर्ण चन्द्र पोख्रेल

श्री शिवदत्त लामिछाने

श्री बेत प्रसाद शर्मा

श्री काशिराम लामिछाने

श्री घनराज खत्री

श्री डिल्ली लामिछाने

**विषयवस्तु सम्पादन**

श्री देवी बहादुर बस्नेत

श्री प्रशुराम चौधरी

श्री रामश्याम चौधरी

**भाषा सम्पादन**

श्री खिमा गौतम

**कम्प्युटर डिजाइन**

श्री प्रशुराम चौधरी

## भूमिका

शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएकाले योग्य दक्ष र नैतिकवान् मानव संसाधनको विकासका लागि शिक्षाको पद्धति र विषयवस्तु व्यक्ति, राष्ट्र र समाजको आवश्यकता अनुकूल हुनुपर्दछ । एक्काइसौं शताब्दीको शिक्षाले व्यक्तिमा मानवीयता, नैतिकता, सहकार्य एवम् विश्लेषणात्मक चिन्तनजस्ता सीपहरूको अपेक्षा गर्दछ । ज्ञान र प्रविधिमा आधारित कामको संसार नै अर्थतन्त्रको प्रमुख सम्वाहक क्षेत्रका रूपमा अगाडि देखा परिरहेको वर्तमान सन्दर्भमा एकातर्फ अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उत्रन सक्ने विषयगत दक्षता आवश्यक पर्दछ भने अर्कातर्फ आफ्नो धरातलीय यथार्थ र सम्भावनाहरूलाई पहिचान गरी त्यसलाई आर्थिक र सामाजिक मूल्यका रूपमा विकास गर्न सक्ने कौशल र सौँचको आवश्यक पर्दछ । उपरोक्त तथ्यहरूलाई मध्यनजर गरी विद्यार्थीहरूमा आफ्नो स्थानीय संस्कृति, भाषा, ज्ञान, सीप सम्पदा र आर्थिक सम्भावनाहरूको बोध गराइ आफ्नो पहिचान प्राप्त गर्ने अवसरका रूपमा स्थानीय पाठ्यक्रम विकास गरिनुपर्ने हुन्छ । मधुवन नगरपालिकाद्वारा निर्माण गरिएको प्रस्तुत पाठ्यक्रम सोही उद्देश्यमा परिलक्षित रहेको छ ।

प्रस्तुत पाठ्यक्रम निर्माणका क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६७ ले तोकेको मापदण्ड र विधिलाई पूर्णतः अनुसरण गरिएको छ । पाठ्यक्रम निर्माणका लागि मधुवन नगरपालिकाको नगर प्रमुख श्री गणेश बहादुर क्षेत्री तथा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरूको निर्णय अनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदल  गठन गरिएको थियो । कार्यदलले नगरभित्रका सबै वडाहरूमा गई स्थानीय सरोकारवालाहरू, राजनीतिकर्मीहरू, शिक्षाविद्हरू भाषाविद्हरू संस्कृतिविद्हरु लगायतका सबै सरोकारवालाहरूसँग प्रत्यक्ष लक्षित समूह छलफल कार्यक्रमहरू सञ्चालन गरी रायसुझावहरू सङ्कलन गरिएको थियो । त्यसैगरी विद्यार्थीहरू, शिक्षकहरू, अभिभावकहरू, शिक्षाप्रेमीहरू, पेशागत सङ्गठनहरू लगायतका सबै सम्भावित सरोकारवालाहरूसँग प्रत्यक्ष,  इमेल, वेवसाइट तथा सामाजिक सञ्जालमार्फत समेत रायसुझावहरू प्राप्त गरी पाठ्यक्रम लेखन गरिएको थियो ।

शैक्षिक सत्र २०७८ देखि कक्षा १ बाट ८ सम्म एक विषयको यो स्थानीय पाठ्यक्रम मधुवन नगरपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकैसाथ लागू हुनेछ । पाठ्यक्रमलाई सैद्धान्तिकभन्दा पनि व्यावहारिक ढङ्गले परियोजना र प्रयोगात्मक रूपमा कार्यान्वयन गर्ने गरी तय गरिएको छ । यसको कार्यान्वयनबाट नगरपालिकामा अध्ययन गर्ने हरेक विद्यार्थीहरूले नगरपालिकाको भौगोलिक सामाजिक सांस्कृतिक पर्यावरणीय आर्थिक, ऐतिहासिक लगायतका विषयहरूमा ज्ञान, सीप र अभिवृत्तिको विकास गर्ने अपेक्षा गरिएको छ ।

पाठ्यक्रम निर्माणमा नीतिगत मार्गदर्शन गर्ने सल्लाहकार समितिका सबै विज्ञ सदस्यहरू निर्माणमा अहोरात्र खट्ने कार्यदलका सदस्यहरू सुझाव सङ्कलनलाई सहजीकरण गर्नुहुने सम्पूर्ण वडाअध्यक्षहरू अमूल्य सुझावहरू प्रदान गर्नुहुने सबै विज्ञ सरोकारवालाहरू विभिन्न सङ्घ सङ्गठनमा आबद्ध महानुभावहरू विषयवस्तु सम्पादन गरी सहयोग गर्नुहुने  लगायत प्रत्यक्ष र परोक्ष योगदान दिनुहुने सबैमा मधुवन नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ । अन्त्यमा, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने त्रुटिहरू औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण र सुझावहरू प्रदान गरिदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरूमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

## <u>विषय सूची</u>

**भूमिका** 1

**परिच्छेद एकः प्रारम्भिक** 4

१.१  परिचय 4

१.२ स्थानीय पाठ्यक्रमको आवश्यकता र उद्देश्यहरू 4

१.३ पाठ्यक्रम निर्माणको विधि  एवम्  प्रक्रिया 5

१.४  स्थानीय पाठ्यक्रमका उद्देश्यहरू तथा तहगत सक्षमताहरू 5

१.४.१ आधारभूत तह कक्षा १-३ को सक्षमताहरू : 6

१. ४.२  आधारभूत तह कक्षा  ४-५ का सक्षमताहरू : 6

१.४.३ आधारभूत तह कक्षा ६ -८ को सक्षमताहरू : 6

१.५.१ कक्षा १ देखि ३ सम्म 7

१.५.२ कक्षा ४ र ५ 8

१.५.३ कक्षा ६ देखि ८ सम्म 8

१.६ सिकाइ सहजीकरण विधि तथा समय निर्धारण : 9

१.७ सिकाइ सहजीकरण प्रक्रिया : 9

**परिच्छेद : दुई** 8

२.१ पाठ्यक्रमको क्षेत्र र क्रम तालिका 8

(क) कक्षा १ देखि ५ सम्म 8

४ घण्टा 15

➢ विद्यार्थीहरूलाई आफ्नो  गाउँटोलमा  बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने, 15

➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने 15

प्राकृतिक सम्पदा 16

➢ आफ्नो घर र विद्यालय वरिपरि रहेका रुख विरुवा, खोला, ताल र नदीको नाम बताउन 16

४ घण्टा 19

➢ विद्यार्थीहरूलाई आफ्नो  वडामा   बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने, 19

➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने 19

प्राकृतिक सम्पदा 20

➢ आफ्नो गाउँ टोलमा रहेका रुख बिरुवा, खोला, ताल र नदीको सूची बनाउन 20

➢ कृषि पेसामा बालिनालीको प्रकारको सूची तयार पार्न 20

पशुपन्छीको वर्गीकरण गर्न 20

२.२.३ कक्षा ३ को विषय विस्तृतीकरण 24

➢ विद्यार्थीहरूलाई आफ्नो नगरपालिकामा बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने, 24

➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने 24

विपत् व्यवस्थापन 30

२.२.४ कक्षा ४ को विषय विस्तृतीकरण 32

२.२.५ कक्षा ५ को विषय विस्तृतीकरण 38

२.२.४ कक्षा ६ को विषय विस्तृतीकरण 45

२.२.४ कक्षा ७ को विषय विस्तृतीकरण 53

➢ प्रश्नोत्तर, छलफल, समूहकार्य द्वारा लोक संस्कृतिको महत्त्व र संरक्षणका उपाय भन्न/ लेख्न लगाउने र पृष्ठपोषण दिने 64

➢ प्रश्नोत्तर, छलफल द्वारा प्राकृतिक सम्पदा ह्रास हुनुका कारणहरु विद्यार्थीलाई सोध्ने र रिपोर्ट गर्ने 65

**परिच्छेद ३** 71

**मूल्याङ्कन योजना** 71

## परिच्छेद एकः प्रारम्भिक

### १.१ परिचय

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र विनियोजन गरेको छ । शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरी शैक्षिक अधिकारहरूको निक्षेपण र स्थानीयकरण मार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ । पन्ध्रौं योजनाले परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको संवर्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुपले आधारभूत तहमा एक विषयको स्थानीय पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । संघीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षासम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचकहरू र वेञ्चमार्क तयार गर्नुपर्ने प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले संघीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी दिगो विकासका लक्ष्यहरू २०३० को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिहरूमा समेत स्थानीय क्षमता, ज्ञान, सीप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने उल्लेख गरिएको छ । विगतमा स्थानीय पाठ्यक्रमलाई स्थानीय भाषाका रूपमा मात्र बुझिने तथा स्थानीय सरकारहरू शक्तिशाली नभइरहेकाले स्थानीय पाठ्यक्रमको प्रयोग सङ्कुचनमा रहेकोमा नेपालको संविधान जारी भएपश्चात सबल र अधिकारसम्पन्न स्थानीय तहहरूको संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रमको सान्दर्भिकता आवश्यकता र अपनत्वमा उल्लेखनीय रूपमा अभिवृद्धि भएको छ । यसै सन्दर्भमा मधुवन नगरपालिकाले नगरभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकैसाथ शैक्षिक सत्र २०७८ देखि लागु हुने गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो ।

विश्वव्यापीकरणले ल्याएका अवसरहरूलाई उपयोग गर्न तथा यसका नकारात्मक पक्षहरूलाई सन्तुलनमा राख्न स्थानीयकरणको रणनीति अत्यावश्यक हुन्छ । यसका लागि स्थानीय पाठ्यक्रम एक महत्त्वपूर्ण आधार मानिएको छ । स्थानीय ज्ञान, सीप, प्रविधि, संस्कृति र प्रकृतिको संवर्द्धन र सबलीकरणबाट मात्र अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई मध्यनजर गरी नेपालले प्राथमिक तहको पाठ्यक्रम २०४९ मार्फत तथा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१ -२०१५ ) ले स्थानीय विषयको अवधारणालाई अगाडि सारेको थियो । यद्यपि तत्परता, क्षमता, सोच र अपनत्वको कमीका कारण सो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको पाइन्छ । प्रस्तुत पाठ्यक्रमले सोही उद्देश्य परिपूर्ति गर्ने अपेक्षा राखिएको छ ।

### १.२ स्थानीय पाठ्यक्रमको आवश्यकता र उद्देश्यहरू

मधुवन नगरपालिका बर्दिया जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्त्व र सम्भावना सहितको स्थानीय सरकारका रूपमा रहेको छ । यहाँ भाषिक, सांस्कृतिक र भौगोलिक लगायतका विविधताहरू रहेका छन् । तर नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरू यसको महत्त्व र वास्तविकतासँग परिचित हुने औपचारिक पद्धति र माध्यमको अभाव छ । विद्यार्थीहरू विषयगत एवम् सैद्धान्तिक ज्ञानमा निपुण भए तापनि आफ्नो संस्कृति र प्रकृतिसँग साक्षात्कार गरी अपनत्व ग्रहण गर्न सकेनन् भने व्यक्ति, परिवार, समाज र राष्ट्रलाई योगदान गर्न सक्ने देशप्रेमी नागरिक बन्न नसक्ने तथ्य हामी सामु रहेको छ । मधुवन नगरपालिका हरेक दृष्टिले

सम्भावनायुक्त रहेको छ । यी अमूल्य सम्पदाहरूलाई औपचारिक माध्यमबाट पुस्तान्तरण गरी संस्थागत गर्न समेत यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । यसका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- स्थानीय विषयवस्तु र आवश्यकतालाई सम्बोधन गर्न,
- स्थानीय ज्ञान सीप र प्रविधिको उपयोग गर्न,
- व्यवहारिक र जीवन्त सिकाइ प्रक्रिया अवलम्बन गर्न,
- स्थानीय भाषा, संस्कृति र सम्पदाहरूको संरक्षण संवर्द्धन एवम् प्रवर्द्धन गर्न,
- विद्यार्थीहरूमा आफ्नो व्यक्तिगत स्वास्थ्य, मौलिकता र अनुशासनको बोध गर्न,
- विविधताको पहिचान, सम्मान र मान्यता प्रदान गरी उन्नत सामाजिक सम्पत्ति निर्माण गर्न,
- लोकतन्त्रका मूल्य मान्यताहरूप्रति  जागरुक बनाउन,
- सूचना प्रविधिको जानकारी एवम् प्रयोगसम्बन्धी ज्ञान, सिप प्रदान गर्न ,
- विपद् तथा प्रकोपसम्बन्धी जानकारी र हरित विद्यालय निर्माणमा ज्ञान, सिप प्रदान गर्न,
- व्यवाहिक जीवनोपयोगी सिप प्रदान गर्न ।

## १.३ पाठ्यक्रम निर्माणको विधि  एवम्  प्रक्रिया

प्रस्तुत पाठ्यक्रम निर्माण गर्नका लागि ७ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको थियो । सो कार्यदलले  स्थानीय पाठ्यक्रमका विषयक्षेत्रहरू निर्धारण गरी सो भित्र रही सरोकारवालाहरूसँग छलफल गरी राय सुझाव सङ्कलन तथा अध्ययन अनुसन्धान गरी विश्वसनीय र वैध प्रश्नावलीहरू निर्माण गरी सबै वडाहरूमा बुद्धिजीवीहरू, जेष्ठ नागरिकहरू, पेशाकर्मीहरू, उद्योगी, व्यवसायीहरू, राजनीतिकर्मीहरू, विद्यार्थीहरू, शिक्षकहरू लगायतका सबै सम्भावित सरोकारवालाहरूसमक्ष पुगी फोकस समूह छलफल गरी राय सुझाव सङ्कलन गरेको थियो ।

**पाठ्यक्रम निर्माणका चरणहरू देहायबमोजिम रहेका थिए :**

- आवश्यकता पहिचान,
- सक्षमता निर्धारण,
- विषयवस्तु छनोट,
- विधा र क्षेत्र निर्धारण,
- विषयवस्तुको विस्तृतीकरण,
- शिक्षणको माध्यम,
- शिक्षण सिकाइ सहजीकरण प्रक्रिया,
- समय निर्धारण,
- सिकाइ मूल्याङ्कन

यी समग्र प्रक्रियाहरूमा निरन्तर रूपमा विज्ञ, अनुसन्धानका प्राप्तिहरू, प्रकाशित आधिकारिक दस्तावेजहरू र सरोकारवालाहरूका राय तथा सुझावहरू लिइएको थियो ।

## १.४  स्थानीय पाठ्यक्रमका उद्देश्यहरू तथा तहगत सक्षमताहरू

**आधारभूत तह कक्षा १-८ को सक्षमताहरू निम्नानुसार रहेका छन् :**

**१.४.१ आधारभूत तह कक्षा १-३ को सक्षमताहरू** :

- आफू र आफ्नो टोल, गाउँ, वडा र नगरपालिकाको सामान्य परिचय,
- स्थानीय भाषा, वेशभूषा, धर्म, चाडपर्वको सामान्य जानकारी,
- स्थानीय पर्यटकीय स्थलको पहिचान,
- आफू र आफ्नो छरछिमेक तथा वडाभित्र अपनाइने पेसाको सामान्य जानकारी,
- आफ्नो वरपर रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाको सामान्य जानकारी,
- व्यक्तिगत सरसफाइ र फोहर व्यवस्थापन सम्बन्धी जानकारी,
- स्थानीय खेल सम्बन्धी सामान्य सीप,
- परिवार र टोलका सदस्यहरूबिच आदर सम्मान, माया, ममताजस्ता शिष्टाचार,
- हरित विद्यालय निर्माणसम्बन्धी ज्ञान, सीप,
- विपत् तथा प्रकोपसम्बन्धी सामान्य जानकारी
- जीवनोपयोगी सिप र मानव मूल्यका क्रियाकलापहरूको पहिचान र अभ्यास ।

**१. ४.२ आधारभूत तह कक्षा ४-५ का सक्षमताहरू :**

- आफू र आफ्नो टोल, गाउँ, वडा, नगरपालिकाको भौगोलिक अवस्था एवम् वडा समिति गठनसम्बन्धी जानकारी,
- नगरपालिका भित्रका साँस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय र महत्त्व,
- स्थानीय पर्यटकीय स्थलको पहिचान, पर्यटनको महत्त्व, पर्यटकसँगको शिष्टाचार,
- आफू र आफ्नो छरछिमेक तथा वडाभित्र अपनाइने पेसा, व्यवसाय र प्रविधिको सूची,
- आफ्नो वरपर रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको सामान्य जानकारी हासिल गर्न,
- शारीरिक सरसफाइ, स्वस्थकर बानी र फोहर व्यवस्थापन सम्बन्धी जानकारी,
- शारीरिक व्यायाम र स्थानीय खेल सम्बन्धी सामान्य सीप विकास,
- विद्यालय, घर -परिवार, मान्यजन, आफन्त र टोलका सदस्यहरूबिच आदर सम्मान, माया, ममताजस्ता शिष्टाचार सीप विकास,
- घर, टोलमा फुलबारी र विद्यालयमा बालउद्यान निर्माणमा सहभागिता,
- विपत् तथा प्रकोपको पहिचान
- जीवनोपयोगी सिप र मानव मूल्यका क्रियाकलापहरूको परिचय र महत्त्वबोध एवम् अभ्यास ।

**१.४.३ आधारभूत तह कक्षा ६ -८ को सक्षमताहरू :**

- आफ्नो नगरपालिकाको भौगोलिक, शैक्षिक र आर्थिक तथ्यहरुको पहिचान, विश्लेषण एवम् नक्सा निर्माण सिपको विकास,
- नगर कार्यपालिका र विषयगत समितिको गठन तथा प्रदान गरिने सेवा सुविधाको जानकारी,
- नगरपालिका भित्रका धार्मिक तथा जातिगत अवस्थाको खोजी, पहिचान र संरक्षण,
- स्थानीय भाषा, बाजा, नृत्य, लोकसँस्कृति, पर्यटकीय स्थलको पहिचान, प्रवर्धन र सम्भाव्यताको खोजी,

- स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिको परिचय, महत्त्व, सम्भावना र सीपको अभ्यास,
- शारीरिक सरसफाइ, स्वस्थकर बानी, फोहर व्यवस्थापनको महत्त्व एवम् अभ्यास तथा सङ्क्रामक रोगहरूको परिचय र बच्ने उपाय,
- शारीरिक व्यायाम र स्थानीय खेल सम्बन्धी सामान्य सीप विकास,
- सामाजिक सेवा तथा शिष्टाचार सम्बन्धी जीवनोपयोगी सीपको विकास,
- घरमा करेसाबारी, टोलमा फुलबारी र विद्यालयमा बालउद्यान निर्माणमा र संरक्षणमा सहभागिता,
- विपत् तथा प्रकोपप्रति सजग र सचेतना
- जीवनोपयोगी सिप र मानव मूल्यको महत्त्वबोध एवम् दैनिक जीवनमा उपयोग ।

## १.५ स्थानीय पाठ्यक्रमका विषय क्षेत्र र शिक्षण घण्टी

### १.५.१ कक्षा १ देखि ३ सम्म

| क्र.सं. | विधा र क्षेत्र | पाठ सङ्ख्या | जम्मा वार्षिक शिक्षण घण्टी : १६० जम्मा पाठ्यघण्टा : ५ | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | हाम्रो मधुवन | ४ | ८ | १२ | २० |
| २ | स्थानीय पेसा र आर्थिक क्रियाकलाप | ७ | १४ | २१ | ३५ |
| ३ | स्थानीय सम्पदाहरू | ६ | १२ | १८ | ३० |
| ४ | खेलकुद र स्वास्थ्य | ४ | ८ | १२ | २० |
| ५ | सूचना र सञ्चार प्रविधि | ४ | ८ | १२ | २० |
| ६ | विपत् व्यवस्थापन | ४ | ६ | ८ | १४ |
| ७ | जीवनोपयोयोगी सिप र मानव मूल्य | ४ | ६ | १५ | २१ |
| जम्मा | | ३३ | ६२ | ९८ | १६० |

### १.५.२ कक्षा ४ र ५

| क्र.सं. | विधा र क्षेत्र | पाठ सङ्ख्या | जम्मा वार्षिक शिक्षण घण्टी : १२८<br>जम्मा पाठ्यघण्टा : ४ | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | हाम्रो मधुवन | ४ | ८ | १२ | २० |
| २ | स्थानीय पेसा र आर्थिक क्रियाकलाप | ५ | १० | १५ | २५ |
| ३ | स्थानीय सम्पदाहरू | ४ | ८ | १२ | २० |
| ४ | खेलकुद र स्वास्थ्य | ४ | ६ | १३ | १९ |
| ५ | सूचना र सञ्चार प्रविधि | ४ | ६ | १२ | १८ |
| ६ | विपत् व्यवस्थापन | ४ | ६ | ६ | १२ |
| ७ | जीवनोपयोयोगी सिप र मानव मूल्य | ४ | ६ | ८ | १४ |
| जम्मा | | ३३ | ५० | ७८ | १२८ |

### १.५.३ कक्षा ६ देखि ८ सम्म

| क्र.सं. | विधा र क्षेत्र | पाठ सङ्ख्या | जम्मा वार्षिक शिक्षण घण्टी : १२८<br>जम्मा पाठ्यघण्टा : ४ | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | हाम्रो मधुवन | ४ | ८ | १२ | २० |
| २ | स्थानीय पेसा र आर्थिक क्रियाकलाप | ५ | १० | १५ | २५ |
| ३ | स्थानीय सम्पदाहरू | ४ | ८ | १२ | २० |
| ४ | खेलकुद र स्वास्थ्य | ४ | ६ | १३ | १९ |
| ५ | सूचना र सञ्चार प्रविधि | ४ | ६ | १२ | १८ |
| ६ | विपत् व्यवस्थापन | ४ | ६ | ६ | १२ |
| ७ | जीवनोपयोयोगी सिप र मानव मूल्य | ४ | ६ | ८ | १४ |

| जम्मा | ३३ | ५० | ७८ | १२८ |
|---|---|---|---|---|

**१.६ सिकाइ सहजीकरण विधि तथा समय निर्धारण :**

एक शैक्षिक सत्रमा ३२ हप्ता पठनपाठन हुनेछ । ४५ मिनेटको समयलाई एक घण्टी मानी हप्तामा ४ घण्टीका दरले कक्षा १-३ सम्म ४ देखि ८ सम्म ९६ घण्टा वा १२८ घण्टी अर्थात ४ पाठ्यघण्टा सञ्चालन गर्नुपर्ने छ । यसमध्ये सैद्धान्तिक विषयका लागि ५० घण्टी र प्रयोगात्मक तथा परियोजना कार्यका लागि ७८घण्टी शिक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर कक्षा १ देखि ३ सम्मको हकमा शिक्षण घण्टा १६० हुने तथा सोको credit hour ५ हुनेछ । शिक्षणको माध्यम नेपाली भाषा हुन सक्नेछ ।

**१.७ सिकाइ सहजीकरण प्रक्रिया :**

प्रस्तुत पाठ्यक्रम शिक्षण तथा सहजीकरणका लागि विद्यार्थी केन्द्रित, प्रयोगात्मक र बालमैत्री शिक्षण पद्धतिलाई पूर्ण रूपमा अनुसरण गर्नुपर्नेछ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका फरक शारीरिक क्षमता भएका, अशक्त, असहाय, कमजोर छात्रा, दलित, जनजाति आदि विद्यार्थीहरूलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण पद्धति अवलम्बन गर्नु पर्नेछ। विद्यार्थीहरूलाई परियोजना कार्य, क्षेत्र भ्रमण, सम्पदाको प्रत्यक्ष अवलोकन गराई प्रतिवेदन, प्रस्तुतीकरण र अभिलेखीकरण गर्न लगाउनु पर्नेछ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्तक, खोजकर्ता, अनुसन्धानकर्ता लगायतका भूमिकाहरू निर्वाह गर्नु पर्नेछ । पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना तथा सञ्चार प्रविधि, डिजिटल प्रविधिको उच्चतम उपयोग गर्नु पर्नेछ । त्यसैगरी शिक्षण सिकाइलाई शिक्षक भन्दा विद्यार्थी वढी सक्रिय हुने गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनु पर्नेछ ।

## परिच्छेद : दुई
## पाठ्यक्रमको क्षेत्र, क्रम तालिका र विषय विस्तृतिकरण

### २.१ पाठ्यक्रमको क्षेत्र र क्रम तालिका

**(क) कक्षा १ देखि ५ सम्म**

| क्र.सं | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | परिचय | आफ्नो परिवारका सदस्य र टोलको नाम बताउन | आफ्नो वडा नम्बर र नगरपालिकाको नाम बताउन | आफ्नो वडाको भौगोलिक स्वरूप र सिमाना बताउन | आफ्नो नगरपालिकाको सिमाना र क्षेत्रफल बताउन | आफ्नो नगरपालिकाको परिचय दिन |
| | | समिति गठन | - | - | - | - | वडा समिति गठन प्रक्रिया बताउन |
| | | स्थानीय साँस्कृतिक, सम्पदा र भाषा, धर्म एवम् रीतिरिवाज | आफ्नो गाउँ टोलमा बसोबास गर्ने मानिसहरूको भेशभूषा र भाषा पहिचान गर्न | आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरूको वेषभूषा र भाषा पहिचान गर्न | नगरभित्र बसोबास गर्ने मानिसहरूको वेषभूषा र भाषा पहिचान गर्न | नगरपालिका भित्रका साँस्कृतिक, धार्मिक र भाषिक महत्त्व बताउन | नगरपालिकाभित्र का साँस्कृतिक सम्पदा र भाषा, धर्म एवम् रीतिरिवाजको संरक्षणको उपाय बताउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्राकृतिक सम्पदा | घर र विद्यालय वरिपरि रहेका रुख, विरुवा, खोला, ताल र नदीका नाम बताउन | - गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरूको सूची बनाउन | गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरूको फाइदा बताउन | गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरूको संरक्षणका उपायहरू बताउन | गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरूको संरक्षणमा विद्यार्थीको भूमिका |
| २ | स्थानीय पेसा र आर्थिक क्रियाकलाप | कृषि | कृषि र बालीनालीको नाम बताउन | कृषि पेसामा बालीनालीको प्रकारको सूची तयार पार्न | कृषि उत्पादनको परिचय दिन | कृषि उत्पादनको सामान्य फाइदाहरू बताउन | कृषि उत्पादनका सामान्य विधिहरू बताउन |
| | | पशुपन्छी पालन | घरपालुवा पशुपन्छीको पहिचान गर्न | घरपालुवा पशुपन्छीको वर्गीकरण (उपयोगका आधारमा) गर्न | घरपालुवा पशुपन्छीबाट हुने उत्पादन र प्रयोग बताउन | घरपालुवा पशुपन्छी व्यवसायका लागि चाहिने पूर्वाधारहरू पहिचान गर्न | घरपालुवा पशुपन्छी पालनमा हुने समस्या र समाधानका उपायहरू |
| | | उद्योग तथा पेसा | घर परिवारका सदस्यले गर्ने कामको पहिचान | स्थानीय क्षेत्रमा सञ्चालित उद्योगहरूको नाम बताउन | स्थानीय उद्योग र उत्पादित वस्तुहरू | उद्योगको परिचय र वर्गीकरण गर्न | उद्योगका फाइदाहरू बताउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पर्यटन | आफ्नो गाउँ टोलमा भएका पर्यटकीय स्थलको नाम बताउन | आफ्नो वडामा भएका पर्यटकीय स्थलको नाम बताउन | आफ्नो छिमेकी वडामा भएका पर्यटकीय स्थलको नाम बताउन | आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलको नाम बताउन | पर्यटनको महत्त्व बताउन, पर्यटकसँग शिष्टाचार व्यक्त गर्न |
| ३ | खेलकुद, स्वास्थ्य र योग | स्थानीय स्तरमा खेलिने खेल | - गाउँघरमा खेलिने बाल खेलहरू | - गाउँघरमा खेलिने बाल खेलको अभ्यास | स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची, | स्थानीय क्षेत्रमा चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरू | स्थानीय क्षेत्रमा चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरू महत्त्व, |
| | | स्वास्थ्य र योग | - शरीरका अङ्गहरूको सरसफाइ गर्न | - व्यक्तिगत सरसफाइ<br>- कक्षाकोठाको सरसफाइ गर्न<br>- योगध्यानको प्रारम्भिक अभ्यास (जीउ तताउने) | व्यक्तिगत सरसफाइ<br>- विद्यालयको सरसफाइ गर्न, योग ध्यानको प्रारम्भिक अभ्यास (बज्रासन र सुखासन) | व्यक्तिगत सरसफाइ विद्यालय तथा टोलको सरसफाइ गर्न, स्वस्थ्यकर र पत्रु खानाको परिचय, योग ध्यानको परिचय, (श्वास-प्रश्वास) | महिनावारी स्वच्छता सम्बन्धी जानकारी, विद्यालयको सरसफाइ गर्न,पत्रु खानाको असर, योग ध्यानका फाइदा बताउन |
| ४ | हरित विद्यालय र घरवारी बगैँचा | हरित विद्यालयको परिचय, | घर तथा विद्यालयको बाल बगैँचामा भएका | घर तथा विद्यालयको बाल बगैँचामा भएका बिरुवाहरूको सूची | घर आँगन र विद्यालय वरिपरिको | घर आँगन र विद्यालय वरिपरिको | घर आँगन र विद्यालय वरिपरि बाल बगैँचा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आवश्यकता र महत्त्व | बिरुवाहरूको पहिचान गर्न | तयार गर्न | सरसफाइको महत्त्व बताउन | सरसफाइमा सहभागी हुन | निर्माण र सरसफाइमा सहभागी हुन |
| ५ | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको परिचय, आवश्यकता, महत्त्व र प्रयोग | सूचना र सञ्चार प्रविधिको सामान्य जानकारी दिन | सूचना र सञ्चार प्रविधिको सूची तयार पार्ने | सूचना र सञ्चार प्रविधिको महत्त्व बताउन | सूचना र सञ्चार प्रविधिको प्रयोग गर्न | सूचना र सञ्चार प्रविधिको प्रयोगमा सावधानी अपनाउन |
| ६ | विपत् व्यवस्थापन | विपतको परिचय, वर्गिकरण र बच्ने उपाय | विभिन्न प्रकारका विपद् पहिचान | विभिन्न प्रकारका विपद्का सूची बनाउन | विपद्को वर्गीकरण गर्न | विपद्ले पुर्‍याउने असरहरू | विपद्का कारणहरू र बच्ने उपाय |
| ७ | जीवनोपयोयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | जीवनोपयोगी सिपको पहिचान र प्रयोग | समूहमा मिलेर बस्ने, सहयोग र समन्वय गर्ने बानीको विकास | अभिभावक, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान व्यक्त गर्न, घर विद्यालयमा अनुशासन र आचरणको पालना गर्न | अरुप्रति दया, माया करूणाको भाव प्रकट गर्ने सिपको विकास गर्न, आत्मनिर्भर हुने बानीको विकास गर्न | स्वयमसेवाको भावनाको विकास गर्न, कक्षाकोठा र विद्यालयमा हुने दुर्व्यवहारको पहिचान गरी सजग रहन | परोपकारीताको भावना विकास गरी असल सङ्गत र पारिवारिक सँस्कारको विकास गर्न, कक्षाकोठा र विद्यालयमा हुने दुर्व्यवहारबाट बच्ने उपायहरूको पहिचान गर्न |

**(ख) कक्षा ६ देखि ८ सम्म**

| **क्र.सं** | **क्षेत्र** | विषयवस्तु | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | परिचय | वडा समितिका मुख्य कार्यहरू बताउन र आफ्नो नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थान देखाउन | आफ्नो नगरपालिकाको भौगोलिक, शैक्षिक तथा स्वास्थ्य अवस्थाको जानकारी हासिल गर्न | आफ्नो नगरपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको जानकारी हासिल गर्न |
| | | स्थानीय साँस्कृतिक, सम्पदा र भाषा, धर्म एवम् रीतिरिवाज | नगरपालिका भित्रका स्थानीय चाडपर्वको परिचय दिन र बडघर प्रथाबारे बताउन | नगरपालिका भित्रका स्थानीय लोक सँस्कृतिको परिचय दिन | नगरपालिका भित्रका स्थानीय लोक सँस्कृतिको महत्त्व र संरक्षणका उपाय बताउन |
| | | प्राकृतिक सम्पदा | स्थानीय प्राकृतिक सम्पदा संरक्षण र महत्व बताउन | स्थानीय प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनका उपायहरू | स्थानीय प्राकृतिक सम्पदा ह्रास हुनुका कारण तथा संरक्षणमा स्थानीयको भूमिका |
| | स्थानीय पेसा, | कृषि | मुला र लसुन खेती गर्ने सिप विकास गर्न | टमाटर र गोभी खेती गर्ने सिप विकास गर्न | आलु र प्याज खेती गर्ने सिप विकास गर्न |
| | | पशुपन्छी पालन | बाख्रा र कुखुरापालनसम्बन्धी आधारभूत जानकारी दिन | गाई भैसीपालनसम्बन्धी आधारभूत जानकारी दिन | माछा र बङ्गुरपालनसम्बन्धी आधारभूत जानकारी दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्यवसाय र आर्थिक क्रियाकलाप | व्यापार तथा व्यवसाय | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने व्यापार, व्यवसाय र यसको महत्त्व बताउन | स्थानीय क्षेत्रमा व्यापार व्यवसायको आवश्यकता र योगदान दिन | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने व्यापार, व्यवसायका चुनौतीहरू एवम् सम्भावना पहिचान गर्न |
| | | उद्योग तथा उद्यमशीलता | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने उद्योगहरू र उद्योगको महत्त्व बताउन | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने उद्योगका चुनौतीहरू पहिचान गर्न | स्थानीय क्षेत्रमा उद्योगको आर्थिक योगदान बताउन |
| | | पर्यटन | पर्यटकीय स्थलको संरक्षणमा सहयोग गर्न | पर्यटकीय स्थलको प्रचार-प्रसार एवम् प्रवर्द्धनमा सहयोग गर्न | स्थानीय स्तरमा पर्यटन व्यवसायको सम्भावना एवम् चुनौती पहिचान गर्न |
| ३ | स्वास्थ्य | सिकल सेल | सिकल सेलको परिचय र लक्षण पहिचान गर्न | सिकल सेलको कारण बताउन | सिकल सेल रोग न्यूनीकरण तथा रोकथामका उपायहरू बताउन |
| ४ | स्थानीय सामाजिक समस्या | सामाजिक समस्या र विकृति | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको पहिचान गर्न | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको नकारात्मक प्रभाव बताउन | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरू न्यूनीकरणका उपायहरूको खोजी गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हरित विद्यालय र घरवारी बगैँचा | हरित विद्यालय र घरवारी बगैँचाको परिचय दिन | विद्यालयमा फुलबारी निर्माणमा सहभागी हुन र घरमा घरबारी बगैँचाको परिचय दिन | विद्यालयमा फुलबारी निर्माणमा सहभागी हुन र घरमा घरबारी बगैँचाको महत्त्व बताउन | विद्यालयमा फुलबारी र घरमा घरबारी बगैँचा निर्माणमा सहभागी हुन |
| ५ | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको परिचय, आवश्यकता, महत्त्व र प्रयोग | सूचना र सञ्चार प्रविधिको परिचय दिन | सूचना र सञ्चार प्रविधिको परिचय, आवश्यकता, महत्त्व बताउन | सूचना र सञ्चार प्रविधिको प्रयोग र प्रयोगमा सावधानी अपनाउन |
| ६ | विपत् व्यवस्थापन | विपद् व्यवस्थापन र सरोकारवालाको भूमिका | विपद् जोखिम न्यूनिकरणका उपायहरू र विपदमा सावधानी अपनाउन | सुरक्षित विद्यालयको परिचय र विपद् व्यवस्थापनमा समुदायको भूमिका बताउन | विपद् व्यवस्थापनमा सहयोगी संस्थाहरू र स्थानीय तहको भूमिका बताउन |
| ७ | जीवनोपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | जीवनोपयोगी सिप र मानव मूल्य | समय र तनाव व्यवस्थापन सिप विकास गर्न | घर विद्यालयमा हुने सामान्य विवादमा मध्यस्थता गर्ने सिपको विकास गर्न, | Bullying विरुद्ध प्रतिरोध र सशक्तिकरण सिप विकास गर्न, Resilience सिपको विकास गर्न, सकारात्मक सौँचको विकास गर्न, |
| | | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत लेखन सिप विकास गर्न (भरपाई लेखन) | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत लेखन सिप विकास गर्न (तमसुक लेखन) | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत तयार पार्न ( सम्झौता पत्र तथा बैङ्क भौँचर ) |

## २.२ पाठ्यक्रमको विषय विस्तृतीकरण

### २.२.१ कक्षा १ को विषय विस्तृतीकरण

| क्र.सं | क्षेत्र | सिकाइ सक्षमता | सिकाइ उपलब्धी विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | मधुवन नगरपालिकाको परिचय | ➢ आफ्नो परिवारका सदस्य र टोलको नाम बताउन, | ➢ आफ्नो परिवार र सदस्यहरूको सङ्ख्या र नाता | ➢ विद्यार्थीलाई पालैपालो आफ्नो परिवारको सदस्यहरूको नाम, नाता र सङ्ख्या भन्न लगाउने र टिप्दै जाने | ➢ परिवारको सदस्यहरूको नाम, नाता र सङ्ख्या सोध्ने, | ४ घण्टा |
| | | आफू बसेको टोल, गाउँको नाम बताउन, | ➢ आफू बसेको टोल, गाउँको नाम | ➢ विद्यार्थीलाई पालैपालो आफू बसेको ठाउँ टोल, गाउँको नाम सोध्ने,<br>➢ प्रश्नोत्तर र छलफल गराउने | ➢ आफू बसेको ठाउँ टोल, गाउँको नाम सोधेर आवश्यक पृष्ठपोषण दिने, | |
| | | ➢ आफ्नो गाउँटोलमा बसोबास गर्ने मानिसहरूको वेशभूषा र भाषा पहिचान गर्न | ➢ आफ्नो गाउँ टोलमा बोलिने भाषा र भेषभूषा (नेपाली, थारु, गुरुङ्, तमाङ, राजी, अन्य भाषा) | ➢ विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने,<br>➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने | ➢ घरमा बोलिने भाषा र वेशभूषा सोध्ने<br>➢ साथीले बोल्ने, छिमेकमा बोल्ने भाषाका र वेशभूषाका सम्बन्धमा सोध्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राकृतिक सम्पदा | ➢ आफ्नो घर र विद्यालय वरिपरि रहेका रुख विरुवा, खोला, ताल र नदीको नाम बताउन | ➢ घर वरपर पाइने बोट बिरुवाहरू<br>○ ठूला-साना रुखहरू<br>○ सामुदायिक वन<br>○ ताल,पोखरी तथा खोलानाला र नदीहरू | ➢ आफ्नो घर र विद्यालय वरिपरि रहेका रुख बिरुवा, खोला, ताल र नदीको नाम बताउन लगाउने,<br>➢ शैक्षिक सामग्री, क्षेत्र भ्रमणको सहयोगले विभिन्न रुख ताल एवम् नदीनालाहरू चिन्न र छुट्याउन लगाउँदै चिनाइदिने | ➢ आफ्नो घर र विद्यालय वरिपरी रहेका रुख बिरुवा, खोला, ताल र नदीको नाम भन्न लगाइ आवश्यक पृष्ठपोषण दिने | |
| २ | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ➢ कृषि बालीनालीको नाम बताउन | ➢ घर टोलमा उब्जाइने बालिनाली<br>○ तरकारी<br>○ फलफुल | ➢ आफ्नो गाउँ टोलमा रहेका उब्जाइने तरकारी, फलफुल तथा खाद्यन्नको नाम बताउन लगाउने,<br>➢ श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | ➢ आफ्नो गाउँ टोलमा रहेका उब्जाइने तरकारी, फलफुल तथा खाद्यन्नको नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| | | घलपालुवा पशुपन्छीको पहिचान गर्न | घरपालुवा पशुपन्छीको परिचय | ➢ विद्यार्थीहरूलाई पालैपालो उनीहरूका घरमा पालिएका पशुपन्छीको नाम बताउन लगाउने,<br>➢ विभिन्न शैक्षिक सामग्री प्रदर्शन गर्दै घरपालुवा पशुपन्छीको पहिचान गराउने | विभिन्न पशुपन्छीहरूको चित्र देखाई पहिचान गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीयस्तरमा सञ्चालित व्यवसायको पहिचान गर्न | ➢ हाम्रो पेसाहरू<br>○ कृषि<br>○ पशु - पंक्षीपालन<br>○ व्यापार | ➢ विद्यार्थीहरूसँग उनीहरूको घरपरिवारका सदस्यले अपनाइएका पेसाहरूको नाम भन्न लगाउने,<br>➢ विभिन्न श्रव्यदृश्य सामग्रीको प्रयोग गरी पहिचान गर्न लगाउने | ➢ विभिन्न पेसामा संलग्न चित्रहरू देखाएर पहिचान गर्न लगाउने | |
| | | आफ्नो गाउँटोलमा भएका पर्यटकीय स्थलको नाम बताउन | ➢ गाउँघरमा भएका पर्यटकीय स्थलहरू<br>○ पुल<br>○ मठ-मन्दिर, गुम्बा, चर्च, मस्जिद | ➢ आफ्नो घर परिवार र गाउँ टोलमा भएका पर्यटकीय स्थलको नाम सोध्ने,<br>➢ विभिन्न श्रव्यदृश्य सामग्रीको प्रयोग गरी पहिचान गर्न लगाउने | ➢ आफ्नो घर परिवार र गाउँ टोलमा भएका पर्यटकीय स्थलको नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| ३ | खेलकुद, स्वास्थ्य र सरसफाई | गाउँघरमा खेलिने बाल खेलहरूको नाम बताउन | ➢ गाउँघरमा खेलिने बाल खेलहरू<br>○ घ्वाईकासा<br>○ अन्य खेलहरू | विद्यार्थीहरूले खेल्ने गरेका बाल खेलहरू पालैपालो सोध्ने | ➢ गाउँ घरमा खेलिने बाल खेलहरूको नाम सोध्ने | |
| | | शरीरका अङ्गहरूको सरसफाई गर्न | ➢ शरीरका अङ्गहरूका सरसफाई<br>○ हात खुट्टा र अनुहार | ➢ शरीरका अङ्गहरूका सरसफाई गर्न लगाउने | ➢ शरीरका अङ्गहरूका सरसफाइ गर्न लगाई अवलोकन गर्ने आवश्यक पृष्ठपोषण दिने, | |
| ४ | हरित विद्यालय र | घर तथा विद्यालयको बाल बगैँचामा भएका | ➢ घर तथा विद्यालयको बाल बगैँचामा बिरुवाहरू | ➢ विद्यार्थीलाई बाल बगैँचा अवलोकन गर्न लगाई | ➢ घर तथा विद्यालयको बाल बगैँचामा बिरुवाहरूको पहिचान | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घरवारी बगैँचा | बिरुवाहरूको पहिचान | | बगैँचामा भएका बिरुवाहरूको पहिचान गरी नाम बताउन लगाउने | गरी नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| ५ | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको साधनहरूको नाम बताउने | ➢ घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधि | ➢ घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधिका साधनहरूको नाम बताउन लगाउने | ➢ घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधिका साधनहरूको नाम बताउन लगाई थप जानकारी दिने | |
| ६ | विपद् व्यवस्थापन | विपद्का विभिन्न प्रकारको पहिचान गर्न | ➢ विपद्को परिचय<br>○ मानवजन्य र प्राकृतिक | ➢ गाउँघर र टोलमा घटेका र घट्नसक्ने विभिन्न विपद्को नाम बताउन लगाई त्यसको वर्गीकरण गरिदिने | ➢ विपद्को नाम बताउन लगाउने | |
| ७ | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित शिक्षा | समूहमा मिलेर बस्ने, सहयोग र समन्वय गर्ने बानीको विकास | ➢ साथीहरूसँगको सम्बन्ध, सहयोग र समन्वय | ➢ समूह विभाजन गरी समूहका सदस्यको भूमिका निर्वाह गर्न लगाउने,<br>➢ सहयोग र समन्वयात्मक व्यवहारसँग सम्बन्धित श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | ➢ व्यवहार परिवर्तनको अवलोकन गरी आवश्यक सुझाव दिने | |

**२.२.१ कक्षा २ को विषय विस्तृतीकरण**

| क्र.सं | क्षेत्र | सिकाइ सक्षमता | सिकाइ उपलब्धी विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | मधुवन नगरपालिका को परिचय | ➢ आफ्नो वडा नम्बर र पालिकाको नाम बताउन, | ➢ आफू बस्ने वडा नम्बर र पालिकाको नाम , | ➢ विद्यार्थीहरूलाई कुन ठाउँमा बस्छौ भनी सोध्ने र सो ठाउँको बारेमा उनीहरूले जानेका कुराहरू भन्न लगाउने,<br>➢ प्रश्नोत्तर र छलफल गराउने<br>➢ समूह कार्य गर्न लगाउने | ➢ आफू बस्ने वडा नम्बर र पालिकको नाम सोधेर आवश्यक पृष्ठपोषण दिने, | ४ घण्टा |
| | स्थानीय साँस्कृतिक सम्पदा र रीतिरिवाज | ➢ आफ्नो वडामा बसोबास गर्ने मानिसहरूको वेशभूषा र भाषा पहिचान गर्न | ➢ आफ्नो वडामा बोलिने भाषा<br>➢ वेशभूषा (नेपाली, थारु, गुरुङ्, तमाङ, राजी, अन्य भाषा) | ➢ विद्यार्थीहरूलाई आफ्नो वडामा बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने,<br>➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने | ➢ घरमा र वडामा बोलिने भाषा र वेशभूषा सोध्ने<br>➢ साथीले बोल्ने, वडामा बोल्ने भाषाका र वेशभूषाका सम्बन्धमा सोध्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राकृतिक सम्पदा | ➢ आफ्नो गाउँ टोलमा रहेका रुख बिरुवा, खोला, ताल र नदीको सूची बनाउन | ➢ आफ्नो गाउँ टोलमा पाइने बोट बिरुवाहरू<br>○ ठूला-साना रुखहरू<br>○ सामुदायिक वन<br>○ ताल, पोखरी तथा खोलानाला र नदीहरू | ➢ आफ्नो गाउँ टोलमा रहेका रुख बिरुवा, खोला, ताल र नदीको नाम बताउन लगाउने,<br>➢ शैक्षिक सामग्री, क्षेत्र भ्रमणको सहयोगले विभिन्न रुख ताल एवम् नदीनालाहरू चिन्न र छुट्याउन लगाउँदै चिनाइदिने | ➢ आफ्नो गाउँ टोल वरिपरि रहेका रुख बिरुवा, खोला, ताल र नदीको नाम भन्न लगाई आवश्यक पृष्ठपोषण दिने | |
| २ | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ➢ कृषि पेसामा बालिनालीको प्रकारको सूची तयार पार्न | ➢ घर टोलमा उब्जाइने बाली नाली<br>○ तरकारी<br>○ फलफुल<br>○ खाद्यन्न | ➢ आफ्नो गाउँ टोलमा रहेका उब्जाइने तरकारी, फलफुल तथा खाद्यन्नको नाम बताउन लगाउने,<br>➢ श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | ➢ आफ्नो गाउँ टोलमा रहेका उब्जाइने तरकारी, फलफुल तथा खाद्यन्नको नाम बताउन लगाइ आवश्यक पृष्ठपोषण दिने | |
| | | पशुपन्छीको वर्गीकरण गर्न | ➢ पशुपन्छीको वर्गीकरण | ➢ विभिन्न शैक्षिक सामग्री प्रदर्शन गर्दै घरपालुवा पशुपन्छीको नाम बताउन लगाउने,<br>➢ विद्यार्थीहरूबाट आएका र थप नामलाई उपयोगका आधारमा वर्गीकरण गरिदिने | ➢ विभिन्न पशुपन्छीहरूको चित्र तथा नामावली देखाई वर्गीकरण गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ आफ्नो गाउँ टोलमा भएका व्यापार र व्यवसायको नाम बताउन | ➢ आफ्नो गाउँ टोलमा भएका व्यापार र व्यवसायको नाम<br>○ दैनिक किलमेल गर्ने स्थान<br>○ किलमेल गर्न सकिने वस्तुहरू | ➢ आफ्नो गाउँटोलमा गरिने व्यापार र व्यवसायको नाम बताउन लगाई टिपोप गर्ने,<br>➢ श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | ➢ आफ्नो गाउँटोलमा गरिने व्यापार र व्यवसायको नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| | | आफ्नो गाउँटोलमा भएका उद्योग र पेसाको नाम बताउन | ➢ गाउँटोलमा भएका उद्योग र पेसाको नाम<br>○ कृषि<br>○ व्यापार | ➢ विद्यार्थीहरूलाई गाउँटोलमा भएका उद्योग र पेसाको बताउन लगाउने,<br>➢ श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | ➢ आफ्नो गाउँटोलमा भएका उद्योग र पेसाको नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| | | ➢ आफ्नो गाउँटोलमा भएका पर्यटकीय स्थलको नाम बताउन | ➢ वडामा भएका पर्यटकीय स्थल | ➢ आफ्नो वडामा भएका पर्यटकीय स्थलको नाम बताउन लगाउने | ➢ आफ्नो वडामा भएका पर्यटकीय स्थलको नाम बताउन लगाई आवश्यक पृष्ठपोषण दिने | |
| ३ | खेलकुद, स्वास्थ्य, सरसफाई र योग | ➢ गाउँघरमा खेलिने बाल खेलहरूको अभ्यास गर्न | ➢ गाउँघरमा खेलिने बाल खेलहरू<br>○ तातो आलु<br>○ रुमाल लुकाइ<br>○ अन्य खेलहरू | ➢ विद्यार्थीहरूलाई आफूले खेल्ने गरेका खेलहरूको नाम भन्न लगाउने,<br>➢ समूह विभाजन गरेर खेल खेल्न अभ्यास गराउने, | ➢ गाउँघरमा खेलिने बाल खेलहरूको सही तरिकाले खेले नखेलेको अवलोकन गरी आवश्यक सहजीकरण तथा पृष्ठपोषण गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ व्यक्तिगत सरसफाई र कक्षाकोठाको सरसफाई गर्न | ➢ आफ्नो शरीरका अङ्गहरू<br>○ अनुहार, नाक, कान, दाँत, कपाल र कपडा | ➢ शरीरका बाहिरी अङ्गहरूका सरसफाइ गर्ने तरिका बताउने,<br>➢ शरीरका बाहिरी अङ्गहरूका सरसफाइ गर्न लगाउने | ➢ शरीरका अङ्गहरूका सरसफाई गर्न लगाई अवलोकन गर्ने आवश्यक सुझाव दिने | |
| ४ | हरित विद्यालय र घरवारी बगैँचा | ➢ घर तथा विद्यालयमा बाल बगैँचामा भएका विरुवाहरूको सूची तयार गर्न | ➢ मौसमी फूल<br>○ सयपत्री,मखमली,तिउरी, डालिया,घण्टी फूल,दुवे फूल<br>➢ एक वर्षे र बहुवर्षे विरुवाहरू<br>○ गुलाब,सुनाखरी,लालुपाते आदि | ➢ आफ्नो गाउँ टोल र विद्यालयमा रहेका फूलहरूको नाम बताउन लगाउने,<br>➢ शैक्षिक सामग्री, क्षेत्र भ्रमणको सहयोगले विभिन्न फूलहरू चिन्न र छुट्याउन लगाउँदै चिनाइदिने | ➢ घर तथा विद्यालयको बाल बगैँचामा बिरुवाहरूको पहिचान गरी नाम बताउन लगाई आवश्यक सहजीकरण गर्ने | |
| ५ | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको सूची तयार पार्ने | ➢ घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधि | ➢ विद्यार्थीलाई आफ्नो घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधिका साधनहरूको सूची तयार पार्न लगाउने र शिक्षकले टिपोट गर्दै जाने | ➢ घर, टोल र विद्यालयमा प्रयोग गरिने सूचना र सञ्चार प्रविधिका साधनहरूको सूची तयार पार्न लगाई थप जानकारी दिने | |
| ६ | विपद् व्यवस्थापन | विपद्का विभिन्न प्रकारको विपद्को सूची बनाउन | ➢ प्राकृतिक र मानवजन्य विपद्<br>○ डुवान, बाढी,शितलहर<br>○ हावा हुरी र असिना | ➢ विद्यार्थीहरूलाई आफ्नो गाउँघर, टोलमा घटेका र घट्नसक्न विभिन्न विपद्को नाम पालैपालो | ➢ विद्यार्थीहरूलाई आफ्नो गाउँघर, टोलमा घटेका र घट्नसक्न विभिन्न विपद्को | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ○ आगलागी | भन्न लगाई शिक्षकले टिपोट गर्दै जाने | सूची तयार पार्न लगाई थप जानकारी दिने | |
| ७ | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित शिक्षा | अभिभावक, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान व्यक्त गर्ने,<br>घर विद्यालयमा अनुशासन र आचरणको पालना गर्न | ➢ अभिभावक, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान,<br>➢ नाता पदको आधारमा आदारार्थी शब्दको प्रयोग | ➢ शिष्ट र मर्यादित व्यवहार एवम् बोलीसँग सम्बन्धित कार्टुन, भिडियो र एनिमेशन देखाउने<br>➢ भूमिका निर्वाहको अभिनय गर्न लगाउने | ➢ व्यवहार परिवर्तनको अवलोकन गरी आवश्यक सुझाव दिने | |

### २.२.३ कक्षा ३ को विषय विस्तृतीकरण

| क्र. सं | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | आफ्नो वडाको भौगोलिक स्वरूप र सिमाना बताउन | ➢ आफ्नो वडाको भौगोलिक अवस्था र सिमाना सामान्य जानकारी<br>➢ मधुवन नगरपालिकाको वडागत सिमाना | ➢ बर्दिया जिल्लाको नक्सामा मधुवन नगरपालिकाको नक्सा देखाइ आफ्नो वडाको भोगोलिक अवस्थाको पहिचान गर्न लगाउने,<br>➢ मधुवन नगरपालिकाको नक्सा देखाइ आफ्नो वडा पत्ता लगाउन लगाइ वडाको सिमाना पहिचान गर्न लगाउने | ➢ मधुवन नगरपालिकाको नक्सामा आफ्नो वडाको भौगोलिक अवस्थाको पहिचान गरे नगरेको अवलोकन गरेर,<br>➢ मधुवन नगरपालिकाको नक्सामा आफ्नो वडाको सिमाना पहिचान गरे नगरेको अवलोकन गरेर |
| | | ➢ आफ्नो नगरभित्र बसोबास गर्ने मानिसहरूको वेशभूषा र भाषा पहिचान गर्न | ➢ आफ्नो नगरपालिकामा बोलिने भाषा र वेशभूषा (नेपाली, थारु, गुरुङ्, तमाङ, राजी, अन्य भाषा) | ➢ विद्यार्थीहरूलाई आफ्नो नगरपालिकामा बोलिने भाषा बोल्न लगाउने र उक्त भाषालाई के भनिन्छ सोध्ने, तथा पहिरने पोशाकका बारेमा सोध्ने,<br>➢ कक्षाका सबै भाषा भाषी बोल्न लगाउने र पहिरने पोशाकको सामग्री देखाई चिन्न लगाउने | ➢ नगरपालिकामा बोलिने भाषा र वेशभूषा सोध्ने<br>➢ नगरपालकाभित्रका मानिसहरूले बोल्ने भाषा र पहिरनका एवम् वेशभूषाको बारेमा सोध्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरूको नाम भन्न तथा फाइदा बताउन | ➢ गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरू सामुदायिक वन , ताल नदी र खोला | ➢ चित्र वा श्रव्यदृष्य सामाग्रीको माध्यमबाट आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरूको परिचय गराउने तथा नजिकैको प्राकृतिक स्रोतहरूको भ्रमण गराइ आवश्यक विवरण सङ्कलन गर्न लगाई फाइदा बताइदिने । | ➢ आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरू सामुदायिक वन , ताल नदी र खोलाको परिचय तथा फाइदा भन्न लगाएर । |
| २ | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | स्थानीयस्तरमा उत्पादन हुने कृषि उत्पादनको परिचय दिन | ➢ स्थानीयस्तरमा उत्पादन हुने सिजन अनुसारका नगदे तथा खाद्यबाली<br>○ तरकारी (आलु,गोभी,भन्टा,टमाटर,बोडी,सिमी)<br>○ फलफुल ( आँप, लिची, केरा, कागती) | ➢ विद्यार्थीलाई घरमा उत्पादन हुने तरकारी, फलफूल र अन्न बाली भन्न लगाउने,<br>➢ चित्रको माध्यमबाट स्थानीयस्तरमा उत्पादन हुने सिजन अनुसारका तरकारी, फलफूल र अन्न बाली पहिचान गराउने,<br>➢ स्थानीयस्तरमा कुनै एक तरकारी, फलफूल तथा अन्न बाली खेती गरिएको स्थानको क्षेत्र भ्रमण गराउने र उत्पादन गरिएका कृषि उत्पादनको बारेमा सम्बन्धित व्यक्तिलाई जानकारी दिन लगाउने । | ➢ घर तथा गाउँ टोलमा उत्पादन हुने तरकारी, फलफूल तथा अन्न बालीको नाम सोध्ने,<br>➢ स्थानीयस्तरमा उत्पादित कृषि उत्पादनको नामको परियोजना कार्य दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पशुपन्छीबाट हुने उत्पादन र प्रयोग बताउन | ➢ पशुपन्छीजन्य उत्पादन र प्रयोग | ➢ विभिन्न पशुपन्छीको नामावली प्रदर्शन गर्दै के का लागि पालिन्छ सोध्ने,<br>➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्दै थप शैक्षिक सामग्री प्रदर्शन गर्ने र ती पशुपन्छीबाट प्राप्त हुने उत्पादन र प्रयोगकोसम्बन्धी जानकारी दिने | ➢ विभिन्न पशुपन्छीहरूको चित्र तथा नामावली देखाई पशुपन्छीबाट प्राप्त हुने उत्पादन र सो को प्रयोगकोसम्बन्धी सोध्ने |
| | | स्थानीयस्तरमा गरिने पेसा र व्यवसायको सूची बनाउन | ➢ स्थानीयस्तरमा गरिने विभिन्न पेसा र आय आर्जन तथा जीविकोपार्जनका लागि गरिएका विभिन्न व्यवसाय<br>○ किराना पसल<br>○ फलफुल तथा तरकारी पसल | ➢ विद्यार्थीलाई घरमा बुवा आमाले के काम गर्नुहुन्छ भनेर सोधेर उक्त काम कुनै व्यापार , व्यवसायभित्र पर्छ कि पर्दैन बताइदिने,<br>➢ चित्रको माध्यमबाट स्थानीयस्तरमा सञ्चालित तथा अपनाइएका व्यापार , व्यवसायको पहिचान गराई तिनको महत्व भन्ने,<br>➢ स्थानीयस्तरमा सञ्चालित तथा अपनाइएका व्यापार, व्यवसायको स्थलगत भ्रमण गराई उक्त व्यापार, | ➢ स्थानीयस्तरमा गरिने पेसा र व्यवसायको सूची बनाउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवसायको बारेमा सम्बन्धित स्रोत व्यक्तिलाई जानकारी दिन लगाउने । | |
| | | स्थानीयस्तरमा रहेका उद्योग र उत्पादित वस्तुहरूको नाम बताउन | ➢ स्थानीयस्तरमा रहेका उद्योग र उत्पादित वस्तुहरू<br>○ कृषि पैदावारमा आधारित मिल | ➢ शैक्षिक सामग्रीको सहयोगले स्थानीयस्तरमा सञ्चालित उद्योगको पहिचान गराउने र त्यहाँबाट उत्पादित सामानको नाम भन्ने,<br>➢ स्थानीयस्तरमा सञ्चालित उद्योगका स्थलगत भ्रमण गराई उक्त उद्योगका बारेमा सम्बन्धित स्रोत व्यक्तिलाई आमन्त्रण गर्ने । | ➢ स्थानीयस्तरमा सञ्चालित उद्योगको नाम र उत्पादित वस्तुको परियोजना कार्य दिने । |
| | | आफ्नो छिमेकी वडामा भएका घुम्न लायक स्थानहरूको नाम बताउन । | ➢ छिमेकी वडाभित्रका पर्यटकीय स्थलहरू<br>➢ पुल<br>➢ मठ-मन्दिर, गुम्बा, चर्च, मस्जिद | आफ्नो र छिमेकी वडाभित्र घुम्न लायक स्थानहरू पहिचान गराउने र कुनै एक स्थानको भ्रमण गराई तिनको सामान्य विवरण तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | आफ्नो र छिमेकी वडाभित्र घुम्न लायक स्थानहरू भन्न लगाएर । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खेल | स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन | ➢ स्थानीय क्षेत्रमा खेलिने खेलहरू<br>➢ मुसो र बिरालो<br>➢ लक्कु ढाल | विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने खेलहरूको नाम र खेल्ने तरीका सोधेर खेलाउने र अरू खेलहरूको नाम आफूले बताई दिएर खेल्ने तरिका पनि बताइदिने | ➢ स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन लगाउने। |
| | स्वास्थ्य र योग | व्यक्तिगत सरसफाइ र कक्षाकोठाको सरसफाइ गर्न र योग ध्यानको प्रारम्भिक अभ्यास | ➢ व्यक्तिगत सरसफाइ र कक्षाकोठाको सरसफाई<br>(शरीरका बाहिरी अङ्ग, कपडा र कक्षाकोठाको सरसफाई)<br>➢ योग र अभ्यास ( बज्रासन र सुखासन ) | ➢ शरीरका बाहिरी अङ्गहरूको सरसफाइ गर्ने तरिका विद्यार्थीलाई सोधेर सही तरिका र सरसफाईको महत्व बताइदिने।<br>➢ योग ध्यानको प्रारम्भिक अभ्यास बज्रासन र सुखासन अभ्यास गराउने र यसको फाइदा बताइदिने। | ➢ कक्षाकोठाको सरसफाई गर्न लगाएर अवलोकन गर्ने र कक्षाकोठाको सरसफाई भित्र के-के पर्दछन् बताइ दिने र यसको महत्व प्रष्ट पारिदिने,<br>➢ योग ध्यानको प्रारम्भिक अभ्यास बज्रासन र सुखासन अभ्यास गराई अवलोकन गर्ने। |
| ४. | हरित विद्यालय र घरवारी बगैँचा | घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | ➢ एक वर्षे र बहुवर्षे जातका फूल र हेरचाह | ➢ विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोट बिरूवाको परिचय दिन लगाउने,<br>(नाम, पाइने स्थान, महत्व) | ➢ घरमा बगैंचा निर्माण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिने, अवलोकन गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ विद्यालय वरपर भएका बोट बिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गरी परिचय दिने तथा दिन लगाउने,<br>➢ विद्यालयमा बाल बगैंचा निर्माणको आवश्यकता र महत्त्वका विषयमा छलफल गराउने,<br>➢ विद्यालयमा बाल बगैंचा निर्माण गर्ने तरिका जानकारी दिई बगैंचा निर्माणमा सहभागी गराउने ।<br>➢ घरमा पनि बाल बगैचा निर्माण गर्ने परियोजना कार्य गराउने र अभिभावकलाई समेत यसको जानकारी दिई सहयोगका लागि अनुरोध गर्ने । | |
| ५. | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको महत्व बताउन । | ➢ सूचना र सञ्चार प्रविधि (मोबाइल , रेडियो र टि.भी.) | ➢ सूचना र सञ्चार प्रविधिको साधनहरूको गाउँघरमा प्रयोगका बारेमा छलफल गर्ने र | ➢ गाउँघरमा प्रयोग सूचना र सञ्चार प्रविधिका साधनहरू सूचना र सञ्चार प्रविधिका साधनहरूको नाम सोध्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | परिचयसहित यसको महत्वको बारेमा प्रकाश पारिदिने,<br>➢ सूचना र सञ्चार प्रविधिका के के साधनहरू गाउँघरमा प्रयोग हुन्छ भन्न लगाउने,<br>➢ सूचना र सञ्चार प्रविधिका साधनहरू किन आवश्यक पर्दछ भन्न लगाउने । | ➢ यसको परिचयसहित यसको किन आवश्यक पर्दछ र कहाँ प्रयोग हुन्छ भनी सोध्ने । |
| ६. | विपत् व्यवस्थापन | विपदको वर्गीकरण गर्न | ➢ प्राकृतिक र मानवजन्य विपद्<br>○ चट्याङ्<br>○ भूकम्प<br>○ आगलागी<br>○ विद्युत सर्किट सट<br>○ सडक दुर्घटना | ➢ विद्यार्थीहरूलाई आफ्नो गाउँघर, टोलमा घटेका र घट्नसक्न विभिन्न विपद्को नाम पालैपालो भन्न लगाई शिक्षकले टिपोट गर्दै जाने,<br>➢ विद्यार्थीले भनेका नामहरू मानवबाट सिर्जीत हुन कि प्राकृतिक रूपमा सिर्जीत हुन छलफल गर्ने । | ➢ चट्याङ, भूकम्प, आगलागी, भूइचालो कस्ता खाले विपद् हुन भन्न लगाउने,<br>➢ मानव सिर्जीत र प्राकृतिक विपद्को फरक सोध्ने, |
| ७. | जीवनोपयोगी सिप र मानव मूल्यमा | ➢ अरूप्रति दया, माया, करूणाको भाव प्रकट गर्ने सिप, आत्मनिर्भर हुने बानी र सहयोगात्मक | ➢ असहाय र सानाप्रति दया, माया, करुणा | ➢ कथा, कविता, गीत र नाटकको प्रयोग गर्ने, | ➢ दया, माया, करूणाको भावनाको अवलोकन गर्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारित शिक्षा | तथा सहकार्यात्मक सिपको विकास गर्न । | ➢ आत्मनिर्भर र सहयोगात्मक तथा सहकार्यात्मक सिप | ➢ विद्यार्थीहरूलाई उनीहरूले घरमा आफैले गरेका कार्यहरू भन्न लगाउने,<br>➢ आफ्नो काम आफैले गरेको श्रव्यदृष्य सामाग्री प्रदर्शन गर्ने र विद्यार्थीलाई आत्मनिर्भर बन्न उत्प्रेरित गर्ने,<br>➢ घर तथा विद्यालयमा आफूले सहयोग गर्न सक्ने र आफूले जानेको कुरा अरूलाई सिकाउने कुराको जानकारी गराउने | ➢ घरमा आफैले गरेका कार्य भन्न लगाउने,<br>➢ घर तथा विद्यालयमा आफूले सहयोग गर्न सक्ने कार्यमा सहयोग गर्ने र आफूले जानेको कुरा अरूलाई सिकाउने गरे नगरेको अवलोकन गर्ने । |

## २.२.४ कक्षा ४ को विषय विस्तृतीकरण

| क्र.सं | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | आफ्नो नगरपालिकाको सिमाना र क्षेत्रफल बताउन | ➢ मधुवन नगरपालिकाको भौगोलिक अवस्था ( सिमाना , क्षेत्रफल ) को सामान्य जानकारी | ➢ बर्दिया जिल्लाको नक्सामा मधुवन नगरपालिकाको नक्सा देखाइ सिमाना पहिचान गर्न लगाउने,<br>➢ बर्दिया जिल्लाको नक्सामा मधुवन नगरपालिकाको नक्सा देखाइ बिभिन्न तथ्यहरु खोजि गर्न लगाउने, | ➢ बर्दिया जिल्लाको नक्शामा मधुवन नगरपालिकाको सिमाना छुट्याउन लगाउने<br>➢ बर्दिया जिल्लाको नक्शामा मधुवन नगरपालिकाको नक्सा देखाई क्षेत्रफल भन्न लगाउने<br>➢ मधुवन नगरपालिका भित्रका मुख्य मुख्य तथ्यहरु पहिचान गरे नगरेको अवलोकन गरेर |
| | | नगरपालिका भित्रका सांस्कृतिक, धार्मिक तथा भाषिक महत्व बताउन | ➢ मधुवन नगरपालिकाभित्रका चल्तिमा आएका विभिन्न सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मठ मन्दिर गुम्बा, मरुवा, चर्च, मस्जिद आदिको पहिचान र परिचय<br>➢ मधुवन नगरपालिका भित्र बसोबास गर्ने मानिसहरूको विभिन्न भाषाहरूको महत्व बताउन | ➢ मधुवन नगरपालिका भित्रका स्थानीय विभिन्न सांस्कृतिक ,ऐतिहासिक तथा धार्मिक मठ मन्दिर गुम्बा,मरुवा, चर्च, मस्जिद आदिको स्थलगत अवलोकन भ्रमण गराई त्यस सम्बन्धि जानकार व्यक्तिसँग छलफल गर्ने र संरक्षणका उपायहरु बताइदिने<br>➢ मधुवन नगरपालिका भित्र बसोबास गर्ने विभिन्न भाषागत अवस्थाको बारेमा चित्र, वृत्त चित्र,श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने | ➢ मधुवन नगरपालिका भित्रका स्थानीय विभिन्न सांस्कृतिक,ऐतिहासिक तथा धार्मिक मठ मन्दिर गुम्बा,मरुवा, चर्च, मस्जिद आदिको नाम भन्न लगाउने<br>➢ स्थानीय विभिन्न सांस्कृतिक ,ऐतिहासिक तथा धार्मिक मठ मन्दिर गुम्बा, मरुवा, चर्च, मस्जिद आदिको महत्व भन्न लगायर अनुच्छेद तयार गर्न लगाउने<br>➢ मधुवन नगरपालिका भित्र बसोबास गर्ने विभिन्न भाषाहरूको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सूची तयार गर्न परियोजना कार्य दिने |
| | | गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरुको संरक्षणका उपायहरु बताउन | आफ्नो गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरु नदि , खोला , ताल, पोखरी सामुदायिक बन संरक्षणका उपायहरु | ➢ आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरु नदि , खोला , ताल, पोखरी सामुदायिक वन आदिका पहिचान गरि स्थलगत अवलोकन गरि संरक्षणका उपायहरु जस्तै वृक्षारोपण , वन फडानी नियन्त्रण ,उत्खनन नियन्त्रणका उपायहरु आदि बताई दिने | ➢ आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरुको नाम भन्न लगाउने<br>➢ आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरु संरक्षणमा अपनाईने उपायहरु भन्न लगाउने<br>➢ आफ्नो गाउँटोलमा रहेका प्राकृतिक स्रोतहरु संरक्षणमा बिद्यार्थीहरुले गर्न सक्ने प्रयासहरुको वर्णन गर्न लगाउने |
| २ | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ○ **कृषि:**कृषी उत्पादनका सामान्य फाइदाहरु बताउन | ○ कृषि उत्पादन अन्तर्गत मौसमी र बेमौसमी तरकारीका सामान्य फाइदाहरु बताउन | ➢ कृषि उत्पादन अन्तर्गत मौसमी र बेमौसमी तरकारीका सामान्य फाइदाहरु बताई दिने<br>➢ कृषि उत्पादन अन्तर्गत मौसमी र बेमौसमी तरकारीकाबाट हामीलाई पुग्ने फाइदा हरुको सुची तयार पारि प्रस्तुत गर्ने<br>➢ कृषि उत्पादन अन्तर्गत मौसमी र बेमौसमी तरकारीका फाइदाहरुको बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने | ➢ स्थानीय क्षेत्रमा उत्पादन हुने कृषि उपज अन्तर्गत मौसमी र बेमौसमी तरकारीका नामहरुको सूची बनाउन परियोजना कार्य दिने<br>➢ स्थानीय क्षेत्रमा उत्पादन हुने कृषि उपज अन्तर्गत मौसमी र बेमौसमी तरकारीका फाइदाहरुको परियोजना कार्य दिने |
| | | पशुपन्छी व्यवसायका लागि चाहिने | पशुपन्छी व्यवसायका लागि चाहिने पूर्वाधार | ➢ विद्यार्थीहरूले पाल्दै आएका पशुपन्छीहरू कसरी पाल्दै आएका छन् सोध्ने, | ➢ पशुपन्छी व्यवसायका लागि चाहिने पूर्वाधार सम्बन्धी प्रश्न सोध्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पूर्वाधारहरूको पहिचान गर्न | | ➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्दै थप शैक्षिक सामग्री प्रदर्शन गर्ने,<br>➢ स्रोत व्यक्ति बोलाएर वा क्षेत्र भ्रमण गराउने र पशुपन्छी व्यवसायका लागि चाहिने पूर्वाधारसम्बन्धी जानकारी दिने | |
| | | **व्यापार तथा व्यवसायः** विभिन्न पेसा र व्यवसायको परिचय बताउन | ➢ स्थानीयस्तरमा गरिने विभिन्न पेसा र आय आर्जन तथा जीविकोपार्जनका लागि गरिएका विभिन्न व्यवसाय<br>○ कृषि<br>○ एग्रोभेट पसल<br>○ होटल | ➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न गराउने<br>➢ चित्रको माध्यमबाट स्थानीयस्तरमा सञ्चालित व्यापार, व्यवसायको पहिचान गराई तिनको महत्व भन्ने,<br>➢ स्थानीयस्तरमा सञ्चालित तथा अपनाइएका व्यापार, व्यवसायको स्थलगत भ्रमण गराई उक्त व्यापार, व्यवसायको बर्गीकरण गर्न लगाउने र उक्त कार्य कुन पेसा जनाउछ बताई दिने जस्तै कुक, वेटर ,किसान आदि । | ➢ स्थानीयस्तरमा गरिने पेसा र व्यवसायको परिचय दिन लगाउने<br>➢ आफ्नो घर परिवारका सदस्यहरु कुन कुन पेसा व्यवसायमा छन् सूची बनाउन लगाउने<br>➢ आफु बस्ने गाउँ टोलमा भएका पेसा व्यवसायका सूची बनाउन लगाउने |
| | | **उद्योग तथा पेसा** स्थानीयस्तरमा रहेका उद्योग को परिचय र बर्गीकरण बताउन | ➢ स्थानीयस्तरमा रहेका उद्योग र उत्पादित वस्तुहरू | ➢ स्थानीयस्तरमा सञ्चालित उद्योगको परिचय बताउने<br>➢ स्थानीयस्तरमा सञ्चालित उद्योगका सूची बनाई त्यहाँ उत्पादन हुने | ➢ स्थानीयस्तरमा सञ्चालित उद्योगहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ○ वन पैदावारमा आधारित स मिल , बेल उद्योग ,वेत बाँस<br>○ खानीजन्य टायल उद्योग<br>○ धातुजन्य ग्रिल उद्योग<br>○ कृषिजन्य पाउरोटी उद्योग | वस्तुहरूको नाम र फोटोसहित प्रस्तुत गर्ने<br>➢ स्थानीय उद्योगहरूको उत्पादन र सेवाको आधारमा वर्गीकरण गरी प्रस्तुत गर्ने | ➢ उत्पादनका आधारमा उद्योगहरुको बर्गीकरण गर्न लगाई परियोजना कार्य दिने |
| | पर्यटन | आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलको नाम बताउन | ➢ आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलको नाम बताउन<br>➢ पुल<br>➢ मठ-मन्दिर, गुम्बा, चर्च, मस्जिद<br>➢ ताल<br>➢ पार्क | आफ्नो नगरपालिकाभित्र घुम्न लायक स्थानहरू पहिचान गराउने र कुनै एक स्थानको भ्रमण गराई तिनको सामान्य विवरण तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | आफ्नो नगरपालिकाभित्र घुम्न लायक स्थानहरू भन्न लगाएर ।<br><br>आफ्नो नगरपालिकाभित्रको पर्यटकीय क्षेत्रको परिचय दिन लगाउने<br>आफ्नो घर नजिकको पर्यटकीय क्षेत्रको परिचय चित्र सहित प्रस्तुत गर्न लगाउने |
| ३ | खेल | स्थानीय क्षेत्रमा खेलिने खेलहरुको परिचय दिन | ➢ स्थानीय क्षेत्रमा खेलिने खेलहरू<br>➢ भाले जुधाई<br>➢ हाँडी फुटाउने<br>➢ डोरी तान्ने | स्थानीयस्तरमा खेलिने परम्परागत तथा प्रचलित खेलहरुको सूची तयार पारि तिनीहरुको परिचय सहित प्रस्तुत गर्ने र कुनै प्रचलित खेल बिध्यर्थिहरुलाई खेलाउने | ➢ स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन लगाउने ।<br>➢ कुनै खेललाई प्रतियोगिताको रुपमा अभ्यास गराउने |
| | स्वास्थ्य र योग | व्यक्तिगत सरसफाइ तथा टोलको सरसफाई गर्न, स्वस्थकर र पत्रु खानको | ➢ व्यक्तिगत सरसफाइ र टोलको सरसफाई | ➢ शरीरका बाहिरी अङ्गहरूको सरसफाइ गर्ने तरिका विद्यार्थीलाई सोधेर सही तरिका र सरसफाईको | ➢ व्यक्तिगत सरसफाई गरे नगरेको अवलोकन गर्ने र गाउँ टोलको सरसफाईका लागि भएका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय , योग ध्यानको परिचय स्वास प्रस्वास | (शरीरका बाहिरी अङ्ग, कपडा र टोलको सरसफाई )<br>स्वस्थकर र पत्रु खानाको परिचय<br>➢ योग ध्यानको परिचय (अनुलोम विलोम , कपालभाती ) | महत्व बताइदिने । आफ्नो गाउँ टोलमा सरसफाई गर्दा हुने फाइदा बताई सरसफाई गर्न प्रोत्साहित गर्ने,<br>➢ स्वस्थकर खाना र पत्रु खानाको परिचय हानी र स्वस्थकर खानाको फाइदा र बारेमा जानकारी दिने,<br>➢ योग ध्यानको परिचय दिई अनुलोम विलोम र कपालभाँती अभ्यास गराउने र यसको फाइदा बताइदिने । | प्रयासहरुको सूचीको परियोजना कार्य दिने<br>➢ स्वस्थकर खानाका फाइदा र पत्रु खानाका बेफाइदाहरूको सूची बनाउन लगाउने<br>➢ योग ध्यानको स्वास प्रवासको अनुलोम विलोम र कपालभाँती अभ्यास गर्न लगाई अवलोकन गर्ने । |
| ५. | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको प्रयोग गर्न । | सूचना र सञ्चार प्रविधिको सही र उपयुक्त प्रयोग<br>मोबाइल , कम्प्युटर | ➢ सूचना र सञ्चार प्रविधिको साधनहरूको प्रयोग गर्ने तरिका र सही र उपयुक्त प्रयोगको बारेमा छलफल गर्ने र महत्वको बारेमा प्रकाश पारिदिने,<br>➢ सूचना र सञ्चार प्रविधिका साधनहरूको सहि प्रयोग गर्न नजान्दा हुने बेफाइदा बताईदिने । | ➢ सूचना र सञ्चार प्रविधिको साधनहरूको सहि प्रयोग गरे नगरेको अवलोकन गर्ने<br>➢ सूचना र सञ्चार प्रविधिको साधनहरूको सहि प्रयोग गर्ने तरिका सोध्ने<br>➢ सूचना र सञ्चार प्रविधिको साधनहरूको सही प्रयोग नगर्दा हुने बेफाइदाको समूहगत छलफल गर्ने |
| ६. | विपत् व्यवस्थापन | विपदले पुर्याउने असरहरु | ➢ प्राकृतिक र मानवजन्य विपद्<br>○ भूकम्प,आगलागी,सडक दुर्घटना,बाँध भत्कनु, डढेलो आदिको असरहरु | ➢ विद्यार्थीहरूलाई आफ्नो गाउँघर, टोलमा घटेका र घट्नसक्न विभिन्न विपद्को नाम पालैपालो भन्न लगाई शिक्षकले टिपोट गर्दै जाने र यसले पुर्याउने हानी तथा नोक्सानीको बारेमा समूहगत छलफल गराउने | ➢ भूकम्प, आगलागी, सडक दुर्घटना , बाँध भत्कनु , डढेलोले गर्ने हानी नोक्सानीको बारेमा भन्न लगाउने,<br>➢ प्राकृतिक र मानवजन्य विपद्ले पुर्याउने असरका बारेमा परियोजना कार्य दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ प्राकृतिक र मानवजन्य विपद्ले पुर्याउने असरका बारेमा प्रस्ट पारिदिने | |
| ७. | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित शिक्षा | ➢ स्वयमसेवकको भावनाको विकास गर्न, विद्यालयमा हुने दुर्व्यवहारको पहिचान गरि सजग रहन । | ➢ स्वयमसेवकको भावना आफ्नो काम आफै गर्ने र अरुलाई सहयोग गर्ने बानीको विकास<br>➢ विद्यालयमा हुने दुर्व्यवहार जिस्काउने , खिसी गर्ने , हेप्रे असल छुवाई र खराब छुवाई को पहिचान । | ➢ कथा, कविता, गीत र नाटकको प्रयोग गर्ने,<br>➢ विद्यार्थीहरूलाई उनीहरूले घरमा आफैले गरेका कार्यहरू भन्न लगाउने,<br>➢ विद्यार्थीहरूलाई उनीहरूले घरमा र विद्यालयमा अरुलाई सहयोग गरेका कार्यहरू भन्न लगाउने,<br>➢ आफ्नो काम आफैले गरेको र स्वयम सेवकको भूमिका भएको श्रव्यदृष्य सामाग्री प्रदर्शन गर्ने र विद्यार्थीलाई आत्मनिर्भर र स्वयमसेवक बन्न उत्प्रेरित गर्ने<br>➢ दुर्व्यवहारको परिचय दिई पहिचान गर्न | ➢ घरमा आफैले गरेका कार्य भन्न लगाउने, स्वयमसेवकको भूमिका निर्वाह् गरेका क्रियाकलाप भन्न लगाउने<br>➢ घर तथा विद्यालयमा आफूले सहयोग गर्न सक्ने कार्यमा सहयोग गर्ने र आफूले जानेको कुरा अरूलाई सिकाउने गरे नगरेको अवलोकन गर्ने ।<br>➢ विद्यालयमा हुने दुर्व्यवहारहरू के के हुन् परियोजना कार्य दिने । |

२.२.५ कक्षा ५ को विषय विस्तृतीकरण

| क्र. सं | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | आफ्नो नगरपालिकाको परिचय दिन | ➢ मधुवन नगरपालिकाको नामकरण र ऐतिहासिक पृष्ठभूमी<br>● मधुवन नगरपालिकाको घरधुरी, जनसङ्ख्या वितरण | ➢ नगरपालिकाको नाम मधुवन रहनुका कारणहरू कारण सोधी त्यसको बारेमा जानकारी दिने,<br>➢ यस नगरपालिका बन्नुअघि गा.वि.स. हरूको सामान्य जानकारी दिने,<br>➢ नगरपालिकाभित्र रहेका वडा सङ्ख्या र घरधुरी सङ्ख्या बताउने,<br>➢ तथ्याङ्कहरूको चार्ट प्रयोग गर्दै नगरपालिकाभित्र रहेका लिङ्गगत (महिला र पुरुष) जनसङ्ख्या बताइदिने | ➢ हाम्रो नगरपालिकाको नामारणका सम्बन्धी प्रश्न सोध्ने,<br>➢ नगरपालिकाको वडा सङ्ख्या सोध्ने र नगरपालिकाको घरधुरी एवम् जनसङ्ख्या वितरण सम्बन्धी प्रश्न सोध्ने |
| | | वडा समितिका गठन प्रक्रिया बताउन | ➢ वडा समिति गठन<br>● गठन प्रक्रिया र सदस्य सङ्ख्या | ➢ वडा समिति गठनको संरचनात्मक तालिका प्रस्तुत गर्दै विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोध्ने,<br>➢ वडा समिति गठन प्रक्रियाको अभ्यास गराउने | ➢ वडा समितिमा कतिजना सदस्यहरू हुन्छन भनी प्रश्न सोध्ने,<br>➢ वडा समिति गठन प्रक्रिया के हो भनी सोध्ने |
| | | स्थानीय भाषा, धर्म एवम् साँस्कृतिक सम्पदा एवम् रीतिरिवाज र महत्त्व बताउन | ● स्थानीय भाषा, साँस्कृतिक सम्पदा , धर्म एवम् रीतिरिवाज र महत्त्व, | ➢ विद्यार्थीहरूलाई उनीहरूका गाउँघरमा बोलिने भाषा र धर्मको बारेमा सोध्ने, | ➢ विद्यार्थीहरूलाई उनीहरूले बोल्ने भाषा, धर्मको सूची बताउन लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● नगरपालिकाभित्रका स्थानीय मातृभाषा (नेपाली, थारु, तमाङ, राजी)<br>● मधुवन नगरपालिकाभित्रको साँस्कृतिक सम्पदा एवम् रीतिरिवाज (माघी मेला, शिवरात्री मेला, क्रिसमस डे)<br>● स्थानीय धर्मको परिचय र महत्त्व (हिन्दु, बौद्ध, मुस्लिम र इसाई )<br>● विभिन्न समुदायको सँस्कार ( जन्म, मृत्यु, विवाह) | ➢ विद्यार्थीहरूलाई उनीहरूका गाउँघरमा भएका रीतिरिवाज के-के छन् सोध्ने,<br>➢ समूह बनाई नगरपालिकाभित्रका परम्परागत रीतिरिवाजको बारेमा छलफल गर्ने,<br>➢ चित्र वा श्रव्यदृष्य सामग्रीको माध्यमबाट विभिन्न सँस्कारको परिचय गराउने, | ➢ आ-आफ्नो रीतिरिवाज र सँस्कारहरू बताउन लगाउने |
| | | गाउँ टोलमा रहेका प्राकृतिक स्रोतहरूको संरक्षणमा विद्यार्थीको भूमिका | ➢ गाउँटोमा रहेका प्राकृतिक स्रोत<br>● प्राकृतिक स्रोतहरूको पहिचान र महत्त्व<br>● प्राकृतिक स्रोतहरूको संरक्षणमा विद्यार्थीको भूमिका | ➢ चित्र वा श्रव्यदृष्य सामाग्रीको माध्यमबाट मधुवन नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरूको परिचय गराउने तथा नजिकैको प्राकृतिक स्रोतहरूको भ्रमण गराउने,<br>➢ प्राकृतिक स्रोतका संरक्षणमा कसले के भूमिका निर्वाह गर्न सक्छ भन्दै छलफल गराउँदै विद्यार्थीहरूको भूमिका बताइदिने | ➢ गाउँ टोलमा नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरूको सूची बनाउन लगाउने,<br>➢ प्राकृतिक स्रोतका संरक्षणमा विद्यार्थीले के भूमिका निर्वाह गर्न सक्छन् सोध्ने |
| २ | | कृषि उत्पादनका सामान्य विधिहरू | ➢ च्याउ खेती | ➢ विद्यार्थीहरूलाई उनीहरूले देखेका र थाहा पाएका च्याउहरूको नाम | ➢ च्याउ उत्पादनका सामान्य विधिहरू सोध्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | | | बताउन लगाई घरमा तयार हुने र जङ्गलमा पाइने च्याउ छुट्याउने,<br>➢ स्रोत व्यक्तिलाई आमन्त्रण गरेर च्याउ खेती गर्ने तरिका बताइदिने,<br>➢ विद्यालयमा नै च्याउ खेतीको अभ्यास गर्न लगाउने | ➢ विद्यालयमै च्याउ खेती गर्न लगाउने |
| | | पशुपन्छीको बजार व्यवस्थापन गर्न | ➢ पशुपन्छीको बजार व्यवस्थापन | ➢ विद्यार्थीहरूले पाल्दै आएका पशुपन्छीहरू कहाँ, कसरी बेच्ने गरेका सोध्ने,<br>➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्दै थप शैक्षिक सामग्री प्रदर्शन गर्ने,<br>➢ स्रोत व्यक्ति बोलाएर वा क्षेत्र भ्रमण गराउने र पशुपन्छीजन्य बजार व्यवस्थापनसम्बन्धी वर्तमान अवस्थाको जानकारी गराउने,<br>➢ पशुपन्छीजन्य उत्पादनका बजार व्यवस्थापनका उपायहरू बताईदिने | ➢ स्थानीयस्तरमा पशुपन्छीजन्य बजारको वर्तमान अवस्थाको सोध्ने,<br>➢ पशुपन्छीजन्य बजारको सम्भावनाबारे सोध्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पेसा र व्यवसायको फाइदाहरू बताउन | ➢ मधुवन नगरपालिकाभित्र सञ्चालित विभिन्न पेसा र व्यवसायको फाइदा | ➢ मधुवन नगरपालिकाभित्र सञ्चालित विभिन्न पेसा र व्यवसायको विद्यार्थीहरूसँग सोध्ने,<br>➢ चित्रको माध्यमबाट स्थानीयस्तरमा सञ्चालित तथा अपनाइएका, पेसा र व्यवसायको पहिचान गराई तिनको फाइदा भन्न लगाउने,<br>➢ मधुवन नगरपालिकाभित्र सञ्चालित पेसा, व्यवसाय र व्यापारिक केन्द्रको स्थलगत भ्रमण गराई परियोजना कार्य दिने,<br>➢ मधुवन नगरपालिकाभित्र सञ्चालित विभिन्न पेसा र व्यवसायको फाइदका सम्बन्धमा छलफल गराउने । | ➢ स्थानीयस्तरमा गरिने पेसा र व्यवसायको सूची बनाउन लगाउने,<br>➢ विभिन्न पेसा र व्यवसायको फाइदाहरूको सूची बनाउन लगाउने |
| | | स्थानीयस्तरमा रहेका उद्योगको फाइदा बताउन | ➢ स्थानीयस्तरमा रहेका उद्योगको फाइदा<br>○ कृषि पैदावारमा आधारित मिल<br>○ खनिजजन्यमा आधारित | ➢ विद्यार्थीहरूलाई मधुवन नगरपालिकाभित्र सञ्चालित उद्योगहरू बताउन लगाउने,<br>➢ स्थानीयस्तरमा सञ्चालित उद्योगका स्थलगत भ्रमण गराई उक्त उद्योगका बारेमा सम्बन्धित स्रोत व्यक्तिलाई आमन्त्रण गर्ने,<br>➢ विभिन्न शैक्षिक सामग्रीको प्रयोग गरी स्थानीयस्तरमा रहेका उद्योगको फाइदा बताइदिने । | ➢ स्थानीयस्तरमा सञ्चालित उद्योगको स्थानीयस्तरमा रहेका उद्योगको नाम बताउन लगाइ सो उद्योगका फाइदा बताउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पर्यटनको महत्त्व बताउन, पर्यटकसँग शिष्टाचार व्यक्त गर्न | ➢ नगरपालिकाभित्रका पर्यटकीय स्थलहरूको परिचय र महत्त्व,<br>➢ पर्यटकहरूसँग गरिने शिष्टाचार | ➢ मधुवन नगरपालिकाभित्रका पर्यटकीय स्थलहरूको बारेमा स्थानीय जानकार व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया गर्न लगाउने,<br>➢ पर्यटकीय क्षेत्रहरूको स्थलगत भ्रमण गराई सो को महत्त्वका बारेमा छलफल गराउने,<br>➢ स्थानीयस्तरमा आउने पर्यटकसँग गरिने शिष्टाचारसँग सम्बन्धित भूमिका निर्वाह गर्न लगाउने, | ➢ पर्यटन व्यवसायको महत्त्वहरूको सूची बनाउन लगाउने,<br>➢ शिष्टाचारसम्बन्धी व्यवहार अवलोकन गर्ने |
| ३ | खेल | स्थानीय चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरूको महत्त्व बताउन | ➢ स्थानीय चाडपर्व, मेलाजात्रामा खेलिने खेल<br>• घैंटो फोड<br>• भलिबल<br>• फुटबल<br>• छेलो फाल्ने | ➢ विद्यार्थीहरूलाई स्थानीय चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरूको नाम सोध्ने,<br>➢ ती खेलहरूको खेल्ने तरिका सोधेर खेलाउने र थप जानकारीसहित उक्त खेलहरूको महत्त्वका बारेमा छलफल गराउने | ➢ स्थानीय चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरूको सूची बनाउन लगाउने,<br>➢ स्थानीय चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरूको महत्त्व बताउन लगाउने । |
| | स्वास्थ्य र योग | महिनावारी स्वच्छतासम्बन्धी जानकारी, विद्यालयको सरसफाई गर्न, पत्रु खानाको असर, योग ध्यानका फाइदा बताउन | ➢ महिनावारी र स्वच्छता<br>➢ पत्रु खाना<br>➢ योगको अभ्यास र महत्त्व (कपालभाँती, अनुलोम विलोम) | ➢ विभिन्न शैक्षिक सामग्रीको प्रयोग गरी महिनावारी स्वच्छतासम्बन्धी जानकारी दिने,<br>➢ विद्यार्थीहरूलाई पालैपालो पत्रु खाना सम्बन्धी जानकारी भए नभएको सोध्दै त्यसको परिचय दिने, | ➢ महिनावारी स्वच्छतासम्बन्धी विभिन्न प्रश्नहरू गर्दै यसको महत्व प्रष्ट पारिदिने,<br>➢ योग ध्यानको प्रारम्भिक अभ्यास कपालभाँती, अनुलोम विलोम अभ्यास गराई अवलोकन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ पत्रु खानाको असरसम्बन्धी जानकारी दिने,<br>➢ योग ध्यानको प्रारम्भिक अभ्यास कपालभाँती, अनुलोम विलोम अभ्यास गराउने र यसको फाइदा बताइ दिने, | |
| ४. | हरित विद्यालय र घरवारी बगैँचा | घर आँगन र विद्यालय वरिपरि बगैंचा निर्माण र सरसफाईमा सहभागी हुन | ➢ घरआँगन र विद्यालयमा वरिपरि बगैंचा निर्माणमा सहभागिता<br>➢ घर आँगन र विद्यालय वरिपरिका फोहोरमैला व्यवस्थापन | ➢ जल तथा माटो प्रदुषणका बारेमा मष्तिस्क मन्थन गराउने,<br>➢ घर आँगन र विद्यालय वरपर भएका बोट बिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गरी परिचय दिने तथा दिन लगाउने,<br>➢ विद्यालयमा बाल बगैंचा निर्माणको आवश्यकता र महत्त्वका विषयमा छलफल गराउने,<br>➢ विद्यालयमा बाल बगैंचा निर्माण गर्ने तरिका जानकारी दिई बगैंचा निर्माणमा सहभागी गराउने,<br>➢ बाल बगैचा निर्माण गर्ने परियोजना कार्य गराउने र अभिभावकलाई समेत यसको जानकारी दिई सहयोगका लागि अनुरोध गर्ने। | ➢ घर आँगन र विद्यालय वरपर बगैंचा निर्माण गर्न लगाई सहभागी भए नभएको अवलोकन गर्ने,<br>➢ घर आँगन र विद्यालय वरिपरिका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गर्ने, |
| ५. | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको प्रयोगमा सावधानी अपनाउन | ➢ सूचना र सञ्चार प्रविधि (मोबाइल , रेडियो र टि.भी.) को सदुपयोग, | ➢ श्रव्यदृश्य सामग्रीको प्रयोगमार्फत सूचना र सञ्चार प्रविधिहरूको परिचयसहित कसरी प्रयोग गरिने | ➢ सूचना र सञ्चार प्रविधिका साधनहरू सूचना र सञ्चार प्रविधिका साधनहरूको नाम सोध्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (फाइदा, बेफाइदा तथा प्रयोगमा अपनाउनु पर्ने सावधानी) | गरिएको छ भन्ने विषयमा छलफल गराउने,<br>➢ प्रविधिका साधनहरूको फाइदा र बेफाइदाहरूको बारेमा जानकारी गराउँदै सही सदुपयोगका लागि अभिप्रेरित गर्ने,<br>➢ सूचना र सञ्चार प्रविधिको प्रयोगसम्बन्धी (साइवर क्राइम) सावधान गराउने | ➢ यसको किन आवश्यक पर्दछ र कहाँ प्रयोग हुन्छ भनी सोध्ने,<br>➢ सूचना र सञ्चार प्रविधिको प्रयोगमा सावधानी अपनाउन के गर्नुपर्छ ? यसको दुरुपयोगका असरहरू सोध्ने |
| ६. | विपद् व्यवस्थापन | विपद्को कारण र बच्ने उपायहरू बताउन | ➢ विपद्का कारणहरू र बच्ने उपायको जानकारी<br>○ मानवजन्य र प्राकृतिक | ➢ आफू बसेको क्षेत्रमा घटेका विपद्हरू कुन कुन कारणले घट्यो भनी सोध्ने,<br>➢ ती घटनाहरू के के हुन भनी सोध्ने<br>➢ मानजन्य तथा प्राकृतिक विपदबाट बच्ने उपायहरूको बारेमा श्रव्यदृश्य सामग्रीहरूको प्रयोग गरी जानकारी गराउने | ➢ विपद्का कारणहरूको बारेमा सोध्ने,<br>➢ विपदबाट बच्ने उपायहरूको सूची तयार पार्न लगाउने |
| ७. | जीवनोपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ➢ परोपकारी भावनाको विकास गरी असल सङ्गत र पारिवारिक सँस्कारको विकास गर्न,<br>➢ कक्षाकोठा र विद्यालयमा हुने दुर्व्यवहारबाट बच्ने उपायहरूको पहिचान गर्न | ➢ सहयोग र परोपकार<br>➢ दुर्व्यवहार | ➢ आफ्नो टोल छिमेकमा रहेका असल व्यक्तिहरूको पहिचान गर्न लगाउने,<br>➢ टोल छिमेकका असल व्यक्तिले गर्ने गरेका असल कार्यहरूको जानकारी गराउने तथा ती कार्यको अनुसरण गर्ने सिप र आचरणको विकास गर्न अभ्यास गराउने,<br>➢ भूमिका निर्वाह गर्न लगाउने | ➢ अपेक्षित व्यवहार गरे नगरेको अवलोकन गर्ने |

## २.२.४ कक्षा ६ को विषय विस्तृतीकरण

| क्र. सं | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | आफ्नो नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थान देखाउन | ➢ बर्दिया जिल्लाको मधुवनको भौगोलिक नक्सा | ➢ बर्दिया जिल्लाको नक्सामा मधुवन नगरपालिकाको नक्सा देखाइ आफ्नो भोगोलिक अवस्थाको पहिचान गर्न लगाउने,<br>➢ मधुवन नगरपालिकाको नक्सा देखाई आफ्नो छिमेकी पालिकासँगको सिमाना पहिचान गर्न लगाउने,<br>➢ शिक्षकले मधुवन नगरपालिकाको नक्सा कोरी विद्यार्थीहरूलाई पनि कोर्न लगाउने,<br>➢ मधुवन नगरपालिकामा भएका मुख्य मुख्य (भौगोलिक, धार्मिक, पर्यटकीय) स्थानलाई उचित सङ्केतको प्रयोग गरी देखाई दिने | ➢ बर्दिया जिल्लामा मधुवन नगरपालिकाको भौगोलिक अवस्थाको पहिचान गरे नगरेको अवलोकन गरेर,<br>➢ मधुवन नगरपालिकाको नक्सा कोर्न लगाई मुख्य मुख्य स्थान (सङ्केतको प्रयोग गरी) देखाउन लगाउने |
| | | वडा समितिका मुख्य कार्यहरू बताउन | ➢ वडा समितिका मुख्य कार्यहरू | ➢ वडा कार्यालयबाट लिने गरेका सेवा सुविधाहरू विद्यार्थीहरूलाई सोध्ने,<br>➢ स्रोत व्यक्तिलाई (वडाका कार्यालयको प्रतिनिधि) आमन्त्रण गरी बताउन लगाउने, वा कार्यालय भेटघाट गराउने | ➢ विद्यार्थीलाई वडा कार्यालयबाट लिने गरेका सेवा सुविधाहरू विद्यार्थीहरूको सूची बनाउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिकाभित्रका स्थानीय चाडपर्वको परिचय दिन बडघर प्रथाबारे बताउन | ➢ मधुवन नगरपालिकाभित्रका स्थानीय चाडपर्व<br>➢ बडघर प्रथा | ➢ विद्यार्थीहरूलाई उनीहरूले मनाउने गरेका चाडपर्वहरू भन्न लगाउने,<br>➢ चित्र वा श्रव्यदृष्य सामाग्रीको माध्यमबाट स्थानीय चाडपर्वहरूको परिचय गराउने,<br>➢ विद्यार्थीलाई उनीहरूको गाउँघरका सार्वजनिक काममा नेतृत्त्व कसले गर्छ भनी सोध्ने र थारु समुदायमा उनीहरूलाई बडघर भनिने कुराको जानकारी दिने तथा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी उनीहरूका कार्य बताउन लगाउने, | ➢ विद्यार्थीहरूलाई उनीहरूले मनाउने गरेका चाडपर्वहरूको नाम बताउन लगाउने,<br>➢ बडघर छनौट र उनका जिम्मेवारी बताउन लगाउने |
| | | स्थानीय प्राकृतिक सम्पदा सम्पदा संरक्षण तथा व्यवस्थापनको परिचय र महत्त्व बताउन | ➢ स्थानीय नगरपालिकाको प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनको परिचय र महत्त्व | ➢ चित्र वा श्रव्यदृष्य सामाग्रीको माध्यमबाट मधुवन नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरूको परिचय गराउने तथा नजिकैको प्राकृतिक स्रोतहरूको भ्रमण गराउने,<br>➢ प्राकृतिक स्रोत व्यवस्थापनको परिचय गराउँदै यसको महत्त्वमा छलफल गराउने,<br>➢ प्राकृतिक स्रोतका संरक्षणमा कसले के भूमिका निर्वाह गर्न सक्छ भन्दै छलफल गराउने | ➢ मधुवन नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरूको सूची बनाउन लगाउने,<br>➢ प्राकृतिक स्रोतका संरक्षणमा कसले के भूमिका निर्वाह गर्न सक्छ सोध्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि पेसाको व्यावसायिक परिचय दिन | ➢ व्यावसायिक कृषि | ➢ क-कसका घरपरिवारमा व्यावसायिक रूपमा कृषि गरिएको छ सोध्ने,<br>➢ स्थानीयस्तरमा गरिएका कार्यहरूको उदाहरण दिँदै व्यावसायिक कृषिको परिचय दिने, | ➢ व्यावसायिक कृषिको परिचय सोध्ने |
| | पशुपन्छी पालन | बाख्रा र कुखुरापालनसम्बन्धी आधारभूत जानकारी दिन | ➢ बाख्रा र कुखुरापालन | ➢ विद्यार्थीहरूको घर वा छरछिमेकमा पाल्दै आएका पशुपन्छीहरूको नाम पालैपालो सोध्ने,<br>➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्ने त्यसमध्ये बाख्रापालन र कुखुरापालन कसरी गरेका छन् भनी सोध्ने,<br>➢ थप शैक्षिक सामग्री प्रदर्शन गर्ने,<br>➢ स्रोत व्यक्ति बोलाएर वा क्षेत्र भ्रमण गराउने र बाख्रा र कुखुरापालनको जानकारी गराउने, | ➢ विद्यार्थीहरूलाई बाख्रापालन र कुखुरापालनको तरिका सोध्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थानीयस्तरमा सञ्चालन गर्न सकिने व्यापार व्यावसायको परिचय दिन | ➢ नगरपालिका भित्र सञ्चालित व्यापार व्यावसायहरू<br>● किराना पसल<br>● तरकारी पसल<br>● मासु पसल<br>● कपडा पसल | ➢ विद्यार्थीहरुलाई क-कस्को घर परिवारमा व्यावसाय तथा व्यापार गरिएको छ सोधने<br>➢ तिनीहरूको सूची बनाएर परिचय गराउने<br>➢ थप केही स्थानीय स्तरमा सञ्चालित अन्य व्यवसायमा भए त्यसको बारेमा समूह समूह बनाइ छलफल गराउने साथै आवश्यक पृष्ठपोषण दिने | ➢ आफ्नो नगरपालिका भित्र सञ्चालित व्यापार तथा व्यवसायको परिचय सोध्ने |
| | | ➢ मधुवन नगरपालिका भित्र सञ्चालन गर्न सकिने उद्योगहरूको परिचय दिन | ➢ नगरपालिका भित्र संचालन गर्न सकिने उद्योगहरु<br>● खानीजन्य क) सिमेन्ट , टायल ब्लक<br>ख ) इट्टा उद्योग<br>● कृषिजन्य क) चामल,तेल ,पिठो मिल<br>● वनजन्य क) बेल सर्बत उद्योग<br>ख) वेत् बास तथा फर्निचर उद्योग<br>➢ सम्भावित उधोगहरु<br>● क्रेसर उद्योग<br>● फर्निचर उद्योग<br>● हस्तकला /काष्ठकला उद्योग | ➢ विद्यार्थीहरुको चित्र तथा श्रव्य, दृश्यको सामाग्रीहरूको माध्यमबाट उद्योगको परिचय तथा वर्गीकरणको जानकारी गराउने<br>➢ स्थानीयस्तरमा कुन कुन उद्योगहरू सञ्चालित छन् सोध्ने ,<br>➢ ती संचालित उद्योगहरुको बारेमा छलफल गराउने तथा शिक्षकले आवश्यक सहजीकरण गर्ने | ➢ आफ्नो नगरपालिकामा सञ्चालित उद्योगहरूको नाम र किसिम तथा ती उद्योगहरूबाट उत्पादित वस्तुहरूको नाम सोध्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पर्यटकीय स्थलको संरक्षणका उपायहरू बताउन | ➢ मधुवन नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरू<br>खाता जैविक मार्ग, डल्ला होम्स्टे, भगरहया ताल, कोठीयाघाट, ताराताल, कुसुम्बाघाट झोलुंगे पुल तथा धार्मिक स्थलहरू<br>➢ पर्यटकीय स्थलहरुको संरक्षणका उपायहरू | • नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरू के- के हुन सोध्ने<br>• तिनीहरूलाई सूचीकरण गर्ने<br>• पर्यटकीय स्थलहरूको बारेमा विस्तृत रूपमा जानकारी गराउने<br>विद्यार्थीहरूको समूह - समूह बनाई संरक्षणका उपायहरूको बारेमा छलफल गराउने साथै आवश्यक पृष्ठपोषण दिने | मधुवन नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको नाम सोध्ने र ती पर्यटकीय स्थलहरूको संरक्षणका उपायहरू सोध्ने, |
| ४. | स्वास्थ्य | सिकल सेलको परिचय र लक्षण बताउन | ➢ सिकल सेलको परिचय र लक्षण | ➢ विद्यार्थीहरूलाई सिकल सेलको बारेमा के - के थाहा छ भनी सोध्ने,<br>➢ यो कुन जातिलाई बढि देखिने रोग हो ? भनी सोध्ने ,<br>➢ विभिन्न पोष्टर तथा भिडियोको प्रदर्शन गरेर सिकल सेलको परिचय र लक्षण बताउने,<br>➢ उपलब्ध भएसम्म स्रोत व्यक्ति बोलाएर थप स्पष्ट पारिदिने | ➢ सिकल सेलको सामान्य परिचय सोध्ने,<br>➢ सिकल सेलको लक्षण सोध्ने |
| ५. | स्थानीय समाजिक समस्या र विकृति | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको पहिचान गर्न | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृति | विद्यार्थीहरूले देखेका वा थाहा पाएका सामाजिक समस्या र विकृतिहरू भन्न लगाई शिक्षकले टिपोट गर्ने,<br>समूह बनाई ती समस्या र विकृतिको कारणहरू पहिचान गर्न लगाउने | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको सूची बनाउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विभिन्न पोष्टर तथा श्रव्य दृश्य सामग्रीको प्रदर्शन गर्दै ती समस्या र विकृतिको बारेमा थप स्पष्ट पारिदिने | |
| ६. | हरित विद्यालय र घरवारी बगैँचा | विद्यालयमा फूलवारी र घरमा घरबारी बगैँचा निर्माण गर्न | ➢ विद्यालयमा क्यारी निर्माण<br>➢ घरमा घरबारी बगैँचा निर्माण<br>➢ आफ्नो घर टोल र नगरपालिकामा रहेका जडिबुटीहरू (पथर चट्टा, तुलसी, पिपला गुर्जो, बाबरी, बेसार, हर्रो / बर्रो कुरिल्लो,छतिवन घ्युकुमारी, मेंथा ) | ➢ विद्यार्थीहरूलाई आफ्नो विद्यालयभित्र कक्षाकोठा अगाडि वा आवश्यकता अनुसार क्यारी निर्माण कार्यमा अभ्यास गराउने ,<br>➢ घरमा क-कसको घरवारी बगैँचा छ भनी सोध्ने र भए को विद्यार्थीहरूलाई कसरी गरियो अनुभव बताउन लगाउने,<br>➢ अरु विद्यार्थीहरूलाई घरबारी बगैँचा निर्माण गर्न प्रोत्साहन गर्ने ,<br>➢ स्थानीय नगरपालिका भित्र घर समुदायमा पाइने जडिबुटीको बारेमा सोध्ने<br>➢ जडिबुटीको बारेमा आवश्यक परेमा स्थलगत अध्ययन गराउने | ➢ विद्यालयमा फुलबारी निर्माण गराउने<br>➢ घरबारी बगैँचा निर्माणको तरिका सोध्ने<br>➢ स्थानीयस्तरका जडिबुटीहरूको नाम र सामान्य प्रयोग सोध्ने |
| ७. | सूचना र सञ्चार प्रविधि | सूचना तथा संचार प्रविधिको परिचय | ➢ सूचना तथा सञ्चार प्रविधिका साधनहरू<br>● टि . भी .<br>● मोबाइल<br>● इन्टरनेट<br>● इमेल/ फ्याक्स | ➢ श्रव्य, दृश्य सामग्री वा चित्रको माध्यमबाट सूचना प्रविधिका साधनहरूको परिचय दिदै समाज वा समुदायमा प्रयोगमा आएका साधनहरु के-के हुन प्रश्न गर्ने ,<br>➢ समूह-समूह बनाइ सञ्चार प्रविधिका साधनहरुको बारेमा | ➢ सूचना प्रविधिका साधनहरूको सूची बनाउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ सूचना तथा सञ्चार प्रविधिका साधनहरुको परिचय | छलफल गराउने र पृष्ठपोषण दिने , | |
| ८. | विपत् व्यवस्थापन | ➢ विपद् जोखिम न्यूनीकरणका उपाय र विपदमा अपनाउनु पर्ने सावाधानीहरू बताउन | ➢ विपद जोखिम न्यूनीकरणको परिचय<br>➢ विपद पूर्व र पश्चात अपनाइने सजगताको जानकारी<br>➢ बबई र कर्णाली नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरूको पहिचान | ➢ विपद जोखिम न्यूनीकरण गर्ने उपायलाई चित्र वा वृत्तचित्रको माध्यमबाट जानकारी गराउने ,<br>➢ विपद् पूर्व अपनाउनु पर्ने सजगता सम्बन्धी बृतचित्र वा पोष्टरको माध्यमबाट जानकारी गराउने<br>➢ बबई तथा कर्णाली नदी कटान नियन्त्रणको लागि गरिएका प्रयासहरुको जानकारी गराउने<br>➢ विपदमा अपनाउनुपर्ने सावाधनीहरूको भूमिका निर्वाह विधिबाट जानकारी गराउने | ➢ विपद जोखिम न्यूनीकरण उपायहरू के-के हुन प्रश्न सोध्ने ,<br>➢ विपदमा अपनाउनु पर्ने सावाधनीहरूको बारे प्रश्न सोध्ने |
| ९. | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित शिक्षा | ➢ समय र तनाव व्यवस्थापन सिप विकास गर्ने<br>➢ सामाजिक संजालको सामान्य परिचय गर्ने<br>➢ अभिभावक शिक्षाको परिचय दिन | ➢ समय र तनाब व्यवस्थापनको परिचय<br>➢ समय र तनाब व्यवस्थापनको सिपहरु<br>➢ सामाजिक संजालको परिचय<br>➢ अभिभावक शिक्षाको परिचय<br>➢ असल अभिभावकका गुणहरु | ➢ समय र तनाब व्यवस्थापनको सामान्य परिचय दिदै यसको महत्वको छलफल गर्दै सिकाइमा तनाब व्यवस्थापन कसरी गर्ने भन्ने विषयको जानकारी गराउने<br>➢ तनाव व्यवस्थापनको आवश्यक सिपहरूको जानकारी दिदै कक्षाकोठामा अभ्यास गराउने | ➢ समय र तनाब व्यवस्थापनको महत्व तथा परिचय भन्न लगाएर<br>➢ सामाजिक संजालको परिचय भन्न लगाएर<br>➢ अभिभावक शिक्षाको परिचय भन्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ सामाजिक संजालको परिचय दिदै यसका महत्वको बारेमा समूह-समूह बनाइ छलफल गर्दै सिकाइमा सामाजिक संजालको उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा जानाकारी दिने<br>➢ अभिभावक शिक्षा भनेको के हो भन्ने प्रश्न सोधी विद्यार्थीहरुलाई मस्तिष्क मन्थन गर्न लगाउने<br>➢ अभिभावक शिक्षाको परिचय दिदै असल अभिभावकका गुणहरुको बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने<br>➢ असल अभिभावकका गुणहरु बालबालिका मार्फत घरका अभिभावकहरुलाई जानकारी गराउन लगाउने | ➢ असल अभिभावकका गुणहरु विद्यार्थीहरुलाई सोध्ने |
| | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत तयार पार्न (भरपाई लेखन) | भरपाई लेखन | विद्यार्थीहरूमा भएको पूर्व ज्ञानको पहिचान गर्दै भरपाईको जिन्सी र नगदसम्बन्धी नमुनाहरू प्रस्तुत गर्ने, समूह बनाई विद्यार्थीहरूलाई भरपाई लेखनको अभ्यास गराउने | विद्यार्थीहरूलाई भरपाई लेखन गर्न लगाउने |

**२.२.४ कक्षा ७ को विषय विस्तृतीकरण**

| क्र. सं | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | हाम्रो मधुवन | -आफ्नो नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य भौगोलिक स्थान देखाउन<br><br>- नदी , धार्मिक स्थल देखाउन<br><br>- नगरभित्रका राष्ट्रिय,नगर तथा वडा गौरवका योजनाहरुको परिचय दिन<br><br>- नगरभित्रका शैक्षिक संस्था र अवस्थाको वर्णन गर्न<br><br>-नगरभित्रका स्वास्थ्य संस्थाको परिचय दिन र पाइने सेवा सुविधा बताउन | ➢ बर्दिया जिल्लाको नक्सामा मधुवन नगरपालिका पत्ता लगाई मधुवन नगरपालिकाको नक्शा कोर्न<br><br>➢ नगरभित्र संचालित रास्ट्रिय गौरबका आयोजनाको परिचय<br><br>➢ नगर गौरब तथा वडा गौरवका आयोजनाको जानकारी<br><br>➢ नगरपालिकाबाट प्रदान गरिने शिक्षा बालबालिका तथा युवा लक्षित कार्यक्रमबारे जानकारी<br><br>➢ स्थानीय स्वास्थ्यसेवा प्रदायक संस्थाको परिचय दिन<br><br>➢ स्थानीय स्वास्थ्यसेवा प्रदायक संस्थाबाट प्रदान गरिने सेवा सुविधाको परिचय दिन र सेवा सुविधा लिन | ➢ नक्शा निर्माण गर्ने विभिन्न विधिको प्रयोग गरि नक्शा कोर्ने अभ्यास गराउने<br><br>➢ मधुवन नगरपालिकाको नक्सामा पर्ने मुख्य मुख्य स्थान , नदी, धार्मिक स्थान , पर्यटकीय स्थानलाई सांकेतिक रुपमा देखाउने अभ्यास गराउने<br><br>➢ मधुवन नगरभित्र सञ्चालीत राष्ट्रिय गौरबका आयोजनाको बारेमा छलफल गराउने<br><br>➢ आफ्नो गाउँ टोलमा सञ्चालीत नगर गौरव तथा वडा गौरवका आयोजनाको परिचय तथा फाइदाको बारेमा जानकारी<br><br>➢ स्थानीय स्वास्थ्यसेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवा सुविधाहरुको जानकारी गराउने | ➢ बर्दिया जिल्लामा मधुवन नगरपालिकाको भौगोलिक अवस्थाको पहिचान गरे नगरेको अवलोकन गरेर,<br><br>➢ मधुवन नगरपालिकाको नक्सा कोर्न लगाई मुख्य मुख्य स्थान (सङ्केतको प्रयोग गरी) देखाउन लगाउने<br><br>➢ आफ्नो नगरमा सञ्चालीत राष्ट्रिय , नगर तथा वडा आयोजनाहरुको परिचय दिन लगाउने<br><br>➢ आयोजना संचालनमा स्थानीय समुदायको भूमिका र फाइदाका बारेमा सूची बनाउन लगाउने<br><br>➢ नगरपालिका भित्रको शैक्षिक अवस्था भन्न लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ स्वास्थ्यसेवा प्रदायक संस्थाबाट विद्यालय बालबालिकालाई प्रदान गरिएका सेवा सुविधाहरुको फाइदा र उपयोगको बारेमा जानकी गराउने | ➢ नगरपालिकाले शिक्षा , बालबालिका तथा युवाका बारेमा संचालन गरेका कार्यक्रमको सूची बनाउन लगाउने<br>➢ नगरभित्रका स्थानीय स्वास्थ्यसेवा प्रदायक संस्थाले प्रदान गरेका सेवा सुबिधा भन्न लगाउने<br>➢ स्वास्थ्यसेवा प्रदायक संस्थाबाट बिद्यालय बालबालिकालाई प्रदान गरिएका सेवा सुबिधाहरुको फाइदा र उपयोग गरे नगरेको भन्न लगाउने |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - नगर कार्यपालिकाको गठन र विषयगत समितिको नाम बताउन | ➢ नगर कार्यपालिकाको परिचय बताउन<br>➢ नगर कार्यपालिकाको गठन प्रक्रियाबारे वर्णन गर्न<br>➢ नगर कार्यपालिका अन्तरगत विषयगत समितिको नाम बताउन | ................. | ..................... |
| | | नगरपालिका भित्रका स्थानीय लोक सस्कृतिको परिचय दिन | ➢ स्थानीय लोकसंस्कृतिको परिचय दिन<br>➢ स्थानीय लोकसंस्कृति कुर्कुते नाच , लट्ठी नाच , पन्चेबाजा , भुडके नाच , सोरठी नाच , मारुनी नाचको जानकारी | ➢ मधुवन नगरपलिका भित्रका स्थानीय लोकसंस्कृतिको जानकारी गराउने<br>➢ स्थानीय रुपमा रहेका लोकसंस्कृतिहरुको अभ्यास गर्न प्रोत्साहित गर्ने | ➢ स्थानीय लोकसंस्कृतिको सुची बनाउन लगाउने<br>➢ आफ्नो जातिमा भएका लोकसंस्कृतिहरुको नाम भन्न लगाउने |
| | | स्थानीय प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनका उपायहरु | ➢ स्थानीय प्राकृतिक सम्पदाहरुको संरक्षण तथा व्यवस्थापनको परिचय<br>➢ स्थानीय प्राकृतिक सम्पदाहरु नदी, खोला ,सामुदायिक वन , जंगल, तालको संरक्षण तथा व्यवस्थापनका उपायहरुको बारेमा जानकारी | ➢ स्थानीय स्तरमा भएका प्राकृतिक सम्पदाहरुको बारेमा छलफल गर्ने<br>➢ स्थानीय स्तरमा भएका प्राकृतिक सम्पदाहरु सामुदायिक वन , ताल , नदी आदिको अवलोकन भ्रमण गराउने | ➢ स्थानीय स्तरमा भएका प्राकृतिक सम्पदाहरु सामुदायिक बन , ताल , नदी आदिको सूची बनाउन लगाउने<br>➢ स्थानीय स्तरमा भएका प्राकृतिक सम्पदाहरुको बारेमा परियोजना कार्य दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ➢ प्राकृतिक सम्पदाहरुबाट स्थानीय समाजमा भएका फाइदाहरु बारे अभिभाबकसँग सोधेर लेख्न लगाउने |
| | | कृषिमा आधुनिकीकरण र यसका चुनौतीहरु | ➢ कृषिमा प्रयोग हुने आधुनिक उपकरणको बारेमा जानकारी<br>➢ आधुनिक कृषिसँग परिचित भइ आफ्नो रुची र क्षमता अवसरको सदुपयोग<br>➢ कृषि क्षेत्रमा आधुनिक सूचना प्रविधिको जानकारी लिई उपयोग<br>➢ आधुनिक कृषिका चुनौती तथा समस्यासँग जानकार<br>➢ परम्परागत र आधुनिक कृषि प्रविधिको जानकारी लिन | ➢ गाउँघरमा कृषिमा प्रयोग हुने आधुनिक उपकरणको बारेमा जानकारी दिने<br>➢ परम्परागत र आधुनिक प्रविधिबिच छलफल गराउने र फाइदा तथा बेफाइदा बताईदिने<br>➢ कृषिका आधुनिक प्रविधिहरुको जानकारी गराउने<br>➢ कृषि क्षेत्रमा प्रयोग हुने आधुनिक सूचना प्रविधिको बारेमा सूची बनाउन लगाउने<br>➢ आधुनिक कृषिका चुनौतिहरु मल, बिउ, बजार , ज्ञान ,सिप , उपकरणको उपलब्धता आदिको बारेमा छलफल गराउने | ➢ गाउँघरमा कृषिमा प्रयोग हुने आधुनिक उपकरणको बारेमा परियोजना कार्य दिने<br>➢ परम्परागत र आधुनिक प्रविधिबिच फरक छुट्ट्याउन लगाउने<br>➢ कृषि क्षेत्रमा प्रयोग हुने आधुनिक सूचना प्रविधिको बारेमा सूची बनाउन लगाउने<br>➢ आधुनिक कृषिका चुनौतिहरुको सूची बनाउन लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाईभैँसी पालनसम्बन्धी आधारभूत जानकारी दिन | ➢ गाईभैँसी पालन | ➢ विद्यार्थीहरूले पाल्दै आएका पशुपन्छीहरू पालैपालो सोध्ने,<br>➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्ने त्यसमध्ये गाईभैँसीपालन कसरी गरेका छन् भनी सोध्ने,<br>➢ थप शैक्षिक सामग्री प्रदर्शन गर्ने,<br>➢ स्रोत व्यक्ति बोलाएर वा क्षेत्र भ्रमण गराउने र गाईभैँसीपालनको जानकारी गराउने, | ➢ विद्यार्थीहरूलाई गाईभैँसीपालन कसरी गरेका छन् भनी सोध्ने,<br>➢ |
| २ | स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | स्थानीय क्षेत्रमा ब्यापार ब्यबसायको आवश्यकता र योगदान | ➢ स्थानीय क्षेत्रमा आर्थिक क्रियाकलापका लागि<br>अपनाईएका पेसा , ब्यवसायको परिचय दिन<br>➢ स्थानीय क्षेत्रमा संचालित पेशा , ब्यबसाय र आर्थिक क्रियाकलापको खोजी गरि जानकारी लिन<br>➢ स्थानीय क्षेत्रमा संचालित पेसा , ब्यवसायले स्थानीय क्षेत्रमा पुर्याएको योगदान र यसको आवश्यकता | ➢ स्थानीय पेसा ब्यवसायीसंग अन्तरक्रिया गर्ने<br>➢ स्थानीय क्षेत्रमा संचालित पेसा , ब्यवसायको अवलोकन भ्रमण गराउने<br>➢ स्थानीय क्षेत्रमा सञ्चालित पेसा , ब्यवसाय र आर्थिक क्रियाकलाप सँग सम्बन्धित स्रोत र अभिभावकसंग सम्पर्क गर्ने | ➢ स्थानीय क्षेत्रमा आर्थिक क्रियाकलापका लागि अपनाईएका पेसा ब्यवसायको सूची बनाउन लगाउने<br>➢ स्थानीय क्षेत्रमा आर्थिक क्रियाकलापका लागि अपनाइएका पेसा ब्यवसायले पुर्याएको योगदान प्रस्तुत गर्न लगाउने<br>➢ स्थानीय क्षेत्रमा आर्थिक क्रियाकलापका लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अपनाइएका पेसा व्यवसायको आवश्यकता भन्न लगाउने |
| | | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने उद्योगका चुनौतिहरु | ➢ स्थानीयस्तरमा सञ्चालन गर्न सकिने उद्योगका आर्थिक , सामाजिक , भौतिक चुनौतिहरु | ➢ स्थानीय उद्योगहरुको आर्थिक , सामाजिक, भौतिक चुनौतिहरू केलाई समूहगत छलफल गर्ने , गराउने<br>➢ स्थानीय उद्योगीहरूसँग उद्योग व्यवसायमा हुनसक्ने वा आइपर्न सक्ने चुनौती र समाधानका उपायहरूको अन्तरक्रिया गर्ने<br>➢ स्थानीय उद्योगहरुको अवलोकन भ्रमण गराई उक्त उद्योगमा हुन् सक्ने चुनौतिहरुको बारेमा छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने | ➢ स्थानीयस्तरम ा सञ्चालित उद्योगहरूको क्षेत्र भ्रमण गराई परियोजना कार्य दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पर्यटकीय स्थलको प्रचार प्रसार एबम प्रबर्धनमा सहयोग गर्न | ➢ पर्यटकीय क्षेत्रहरु मठ मन्दिर, मस्जिद , गुम्बा , चर्च, ताल ,नदी ,पुल आदिको प्रचार प्रसार एवम प्रवर्धन | ➢ समाज र देशका लागि स्थानीय पर्यटकीय क्षेत्रहरुको योगदानबारे छलफल चलाउने र वर्णन गर्ने<br>➢ स्थानीय कुनै एक पर्यटकीय स्थलको भ्रमण गराई प्रचार प्रसार र प्रबर्धनका लागि आवश्यक तरिकाबारे छलफल गर्ने<br>➢ पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार र प्रबर्धनमा विद्यार्थीहरूको भूमिका सम्बन्धी छलफल गराउने | ➢ पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र प्रबर्धनबारे प्रश्नोत्तर गर्ने गराउने<br>➢ पर्यटकीय स्थलहरूको प्रचार प्रसार सम्बन्धी वक्तृत्वकलाको आयोजना गर्ने<br>➢ बहुबैकल्पिक प्रश्नहरू गर्ने |
| ३. | स्वास्थ्य | सिकल सेलको वर्तमान अवस्था र यसका कारण पहिचान गर्न | ➢ सिकल सेलको वर्तमान अवस्था र कारण | ➢ विद्यार्थीलाई घर गाउँ तथा नगरपालिकामा सिकल सेलको वर्तमान अवस्था र यसका कारण सोध्ने<br>➢ चित्र,पोष्टर वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी सिकलसेलको वर्तमान अवस्था र कारण बताउने, | ➢ विद्यार्थीलाई घर गाउँ तथा नगरपालिकामा सिकल सेलको वर्तमान अवस्था र कारण सोध्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | स्थानीय सामाजिक समस्या | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूका नकारात्मक प्रभाव बताउन | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूका नकारात्मक प्रभाव | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको प्रभाव भन्न लगाउने,<br>नाटक तथा भूमिका निर्वाह गर्न लगाउने<br>श्रव्य दृश्य सामग्रीको प्रयोग गरी थप स्पष्ट पारिदिने | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूका नकारात्मक प्रभावहरूको सूची बनाउने |
| ५ | हरित विद्यालय र घरवारी बगैँचा | विद्यालयमा फुलबारी र घरमा करेसाबारी निर्माणमा सहभागी , आफ्नो घरटोल र नगरपालिकामा रहेका जडिबुटीको सूची तयार गर्न | ➢ हरित विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान गर्न<br>➢ हरित विद्यालय प्रवर्धनमा बाल क्लब , इको क्लबको भूमिका पहिचान गर्न र अबलम्बन गर्न<br>➢ घरमा अभिभाबकको सहयोगमा करेसाबारी निर्माण गर्न<br>➢ स्थानीय स्तरमा रहेका लाभदायक जडिबुटीहरु पहिचान गर्न | ➢ विद्यालयमा फुलबारी निर्माणमा सहभागी गराउने<br>➢ विद्यालय क्षेत्रमा उत्पन्न हुने फोहोर ब्यवस्थापनमा सक्रिय सहभागी गराउने<br>➢ विद्यालय क्षेत्रमा प्लास्टिक जन्य सामग्रीको प्रयोगमा निरुत्साहित गर्ने<br>➢ हरित विद्यालय प्रवर्धनमा बाल क्लब , इको क्लबलाई परिचालन तथा उपाय खोजी गर्न लगाउने | ➢ विद्यालयमा फुलबारी निर्माणमा सहभागी भए नभएको अवलोकन गर्ने<br>➢ विद्यालय क्षेत्रमा उत्पन्न हुने फोहोर तथा प्लास्टिक जन्य सामग्रीलाई सही व्यस्थापन गरे नगरेको अवलोकन गर्ने<br>➢ घरमा घरबारी बगैँचा निर्माणमा सहयोग गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिने<br>➢ घरमा घराबारी बगैँचा लगाईएका बोट बिरुवाको परियोजना कार्य दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ परम्परागत रुपमा प्रयोग गरिदै आएका स्थानीय जडिबुटी र तिनको उपयोगिताबारे छलफल गराउने | ➢ घरमा घरबारी बगैँचामा लगाईएका बोटबिरुवाको फाइदाको सूची बनाउन लगाउने<br>➢ परम्परागत रुपमा प्रयोग गरिदै आएका स्थानीय जडिबुटीको परियोजना कार्य दिने<br>➢ परम्परागत रुपमा प्रयोग गरिदै आएका स्थानीय जडिबुटीको उपयोगिताको समूहगत छलफल गरि प्रस्तुत गर्न लगाउने |
| ६. | सूचना र सञ्चार प्रविधि | सूचना र सञ्चार प्रविधिको परिचय , आवश्यकता , महत्व बताउन | ➢ दैनिक प्रयोगमा आउने सूचना तथा संचारका साधनहरुको सुरक्षित उपयोग<br>➢ आधुनिक सूचना प्रविधिको आबस्यकता र महत्व बताई प्रयोग गर्न | ➢ दैनिक प्रयोगमा आउने सूचना तथा संचारका साधनहरुको सुरक्षित उपयोगका तरिकाहरु बताउने<br>➢ आधुनिक सूचना तथा संचारका साधनहरु कम्प्युटर ( इमेल , इन्टरनेट , अनलाईन च्याट , | ➢ दैनिक प्रयोगमा आउने सूचना तथा संचारका साधनहरुको सुरक्षित उपयोगका तरिकाहरुको सूची बनाउन लगाउने<br>➢ आधुनिक सूचना तथा सञ्चारका साधनहरु कम्प्युटर ( इमेल , इन्टरनेट , अनलाईन च्याट , भिडियो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ सुचना प्रविधिको आवश्यकता बोध गरि कम्प्युटर , टेलिफोन र मोबाइलको सामान्य प्रयोग गर्न | भिडियो च्याट ) आवश्यकता र महत्वको बर्णन गर्ने<br>➢ सूचना तथा सञ्चार प्रविधिको सिकाई क्रियालापमा प्रयोग गर्न प्रेरित गर्ने | च्याट ) सहि सदुपयोग गर्ने तरिका भन्न लगाउने |
| ७. | विपत् व्यवस्थापन | सुरक्षित बिद्यालयको परिचय र विपद व्यवस्थापनमा समुदायको भूमिका | ➢ सुरक्षित विद्यालयको परिचय र आवश्यकता<br>➢ स्थानीय स्तरमा घट्न सक्ने विपदहरु (बाढी, पहिरो, डुबान, जलबायु परिबर्तन, खडेरी, डढेलो , बाँध भत्कनु मानिस र वन्यजन्तु बिचको द्वन्द ) न्यूनीकरणमा समुदायको भूमिका<br>➢ विपद पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि सचेतना<br>➢ विपद पछिको अबस्थामा पुनस्थापना कार्यक्रम | ➢ सुरक्षित विद्यालयका लागि आवश्यक आधारभूत कुराहरुको छलफल गर्ने<br>➢ आफ्नो बिद्यालय कक्षाकोठा सुरक्षित रहे नरहेको अबलोकन गराउने<br>➢ विपद जोखिम न्यूनीकरणका उपायहरुको सूची बने कक्षामा छलफल गर्ने<br>➢ विपद पूर्व तयारीको अभ्यास गराउने<br>➢ स्थानीय स्तरमा घट्न सक्ने सम्भाव्य विपदका बारेमा विद्यार्थीहरुसँग अन्तरक्रिया गर्ने | ➢ सुरक्षित विद्यालयका लागि आबस्यक आधारभूत कुराहरुको सूची बनाउन लगाउने<br>➢ आफ्नो विद्यालय कक्षाकोठा सुरक्षित रहे नरहेको प्रस्तुत गर्न लगाउने<br>➢ विपद जोखिम न्यूनीकरणका उपायहरुको सूची बनाउन लगाउने<br>➢ विपद पूर्व तयारीको अभ्यास अवलोकन<br>➢ स्थानीयस्तरमा घट्न सक्ने सम्भाव्य विपदका बारेमा विद्यार्थीहरूलाई भन्न लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित अभिभावक शिक्षा | ➢ घर विद्यालयमा हुने सामान्य विवादमा मध्यस्थता गर्ने सिपको विकास गर्न ,<br>➢ अभिभावक र छोराछोरीबिचको पारस्परिक सहयोग<br>➢ दैनिक जिबनमा आइपर्ने सामान्य लिखत लेखन सिप विकास गर्ने | ➢ घर विद्यालयमा हुने सामान्य विवादमा मध्यस्थता ,सहयोग , समस्या समाधान , समालोचनात्मक सोचाई तथा निर्णय क्षमता , सहानुभूति र सञ्चार सिपको विकास<br>➢ अभिभावक र छोराछोरीबिचको पारस्परिक सहयोगको बानीको विकास गर्न छोराछोरीलाई सपना र लक्ष्यको योजना बनाउन मद्यत गर्ने,प्रशंसा र प्रोत्साहन गर्ने, साथी बन्ने, मनोविज्ञान बुझ्ने, घरको वातावरण शान्त बनाउने,असल सस्कार र समय दिने<br>➢ दैनिक जिवनमा आइपर्ने सामान्य लिखतहरु तमसुक लेखन सिपको विकास | ➢ घर विद्यालयमा हुने सामान्य विवादमा मध्यस्थता ,सहयोग , समस्या समाधान , समालोचनात्मक सोचाई तथा निर्णय क्षमता, सहानुभूति र संचार सिपसंग सम्बन्धित श्रब्यदृष्य सामग्रीको प्रयोग गर्ने<br>➢ घर विद्यालयमा हुने सामान्य विवादमा मध्यस्थता, सहयोग, समस्या समाधान, समालोचनात्मक सोचाई तथा निर्णय क्षमता, सहानुभूति र सञ्चार सिपसँग सम्बन्धित लघुनाटक प्रदर्सन गर्ने<br>➢ अभिभावक र छोराछोरीबिचको पारस्परिक सहयोग सम्बन्धमा विद्यार्थी र अभिभाबक सँग अन्तरक्रिया गर्ने<br>➢ तमसुक लेखन सिपको प्रयोगात्मक अभ्यास गराउने | ➢ श्रब्यदृष्य सामग्री र लघुनाटक प्रदर्शन गर्दा मध्यस्थता, सहयोग, सहानुभूतिको भावना प्रकट गरे नगरेको अवलोकन गर्ने<br>➢ अभिभावक र छोराछोरीबिचको पारस्परिक सहयोग सम्बन्धमा अभिभावक सँग सोधपुछ गर्ने<br>➢ दैनिक जीबनमा आइपर्ने सामान्य तमसुक लेख्न लगाउने |

### २.२. कक्षा ८ को विषय विस्तृतीकरण

| क्र.सं | क्षेत्र | सिकाइ सक्षमता | सिकाइ उपलब्धी विषयवस्तु विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलापहरू | सम्भावित मूल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | ➢ हाम्रो मधुवन | ➢ आफ्नो न. पा. बाट प्रदान गरिने सेवा सुविधाको जानकारी हासिल गर्न | ➢ आफ्नो न. पा. बाट प्रदान गरिने सेवा सुविधा बताउन | ➢ न. पा. बाट प्रदान हुने सेवा सुविधा भन्न लगाउने, प्रश्नोत्तर गर्ने, छलफल गराउने, समूह कार्य, प्रदर्शन गराउने र आवश्यक पृष्ठपोषण दिने | ➢ न. पा. बाट प्रदान गरिने सेवा सुविधाको सूची बनाउन लगाउने र आवश्यक पृष्ठपोषण दिने | |
| | | ➢ नगर कार्यपालिका र विषयगत समितिको कार्य बताउन | ➢ नगर कार्यपालिकाको मुख्य कार्यहरु:-<br>१. बजेट निर्माण सम्बन्धी<br>२. कानून निर्माण<br>३. विकास निर्माण<br>४. कर निर्धारण<br>५. न्यायिक कार्य | ➢ नगराकार्यपालिकाको मुख्य मुख्य कार्य के के हुन् ? भनी सोध्ने (प्रश्नोत्तर, छलफल, समूहकार्य, सूची निर्माण )<br>➢ सामाजिक विकास समिति अन्तर्गत पर्ने शाखाका नाम र काम सोध्ने पृष्ठपोषण दिने | ➢ नगरपालिकाको कुनै मुख्य कार्यहरू बताउन लगाउने<br>➢ सामाजिक विकास समिति अन्तर्गतका शाखाहरुको नाम र काम बताउन लगाउने | |
| | | ➢ नगरपालिकाका स्थानीय लोक संस्कृतिको महत्त्व र संरक्षणका उपाय बताउन | ➢ नगरपालिकाका स्थानीय लोक संस्कृतिको महत्व र संरक्षणका उपाय बताउन | ➢ प्रश्नोत्तर, छलफल, समूहकार्य द्वारा लोक संस्कृतिको महत्त्व र संरक्षणका उपाय भन्न/ | ➢ नगरपालिकाका लोक संस्कृतिका महत्त्व र उपाय भन्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लेख्न लगाउने र पृष्ठपोषण दिने | | |
| | | ➢ स्थानीय प्राकृतिक सम्पदा ह्रास हुनुका कारण र संरक्षणमा स्थानीय व्यक्तिको भूंमिका | ➢ प्राकृतिक सम्पदा ह्रास हुनुका कारण र संरक्षणमा स्थानीय व्यक्तिको भूंमिका | ➢ प्रश्नोत्तर, छलफल द्वारा प्राकृतिक सम्पदा ह्रास हुनुका कारणहरु विद्यार्थीलाई सोध्ने र रिपोर्ट गर्ने<br>➢ त्यसपछि शिक्षकले कारण बताई दिने<br>➢ स्थानीय व्यक्तिको भूमिका बारेमा परियोजना तथा समूह कार्य दिने र संकलन गर्ने,<br>➢ विद्यार्थीले लेखकको भूमिकालाई समेटेर सूची प्रदर्शन गरिदिने र आवश्यक पृष्ठपोषण दिने | ➢ प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीय व्यक्तिको भूमिकाको सूची बनाउन लगाउने | |
| २ | ➢ स्थानीय पेसा, व्यवसाय र आर्थिक | ➢ स्थानीय कृषि पेसाको महत्त्व र स्थानीय क्षेत्रमा पुऱ्याएको आर्थिक योगदान | ➢ स्थानीय कृषि पेसाको महत्त्व र स्थानीय क्षेत्रमा पुऱ्याएको आर्थिक योगदान | ➢ सर्वप्रथम विद्यार्थीलाई आफ्नो क्षेत्रमा हुने कृषि पेसा र त्यसको महत्त्व सोधेर टिपोट गर्दै प्रष्ट रुपमा लेखेर देखाई दिने | ➢ कृषि पेसाको महत्व लेख्न र भन्न लगाउने<br>➢ कृषि पेसाले स्थानीय क्षेत्रमा पुर्याएको आर्थिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्रियाकलाप | | | ➢ कृषि पेसाले स्थानीय क्षेत्रमा पुर्याएको आर्थिक योगदानबारे प्रश्न सोध्ने, टिपोर्ट गर्ने र योगदानलाई बुँदागत रुपमा प्रदर्शन गर्ने | योगदानबारेमा लेख्न र भन्न लगाउने | |
| | | माछा र बङ्गुरपालन सम्बन्धी आधारभूत जानकारी दिन | ➢ माछा र बङ्गुरपालन | ➢ विद्यार्थीहरूले पाल्दै आएका पशुपन्छीहरू पालैपालो सोध्ने,<br>➢ विद्यार्थीहरूबाट आएका जवाफ टिपोट गर्ने त्यसमध्ये माछा र बङ्गुरपालन कसरी गरेका छन् भनी सोध्ने,<br>➢ थप शैक्षिक सामग्री प्रदर्शन गर्ने,<br>➢ स्रोत व्यक्ति बोलाएर वा क्षेत्र भ्रमण गराउने र गाईभैँसीपालनको जानकारी गराउने, | ➢ विद्यार्थीहरूलाई माछा र बङ्गुरपालन कसरी गरेका छन् भनी सोध्ने,<br>➢ क्षेत्र भ्रमण गराई विद्यार्थीहरूलाई माछा र बङ्गुरपालनसम्बन्धी परियोजना कार्य दिने | |
| | | ➢ स्थानीयस्तरमा सञ्चालन गर्न सकिने व्यापार व्यवसायका चुनौती एवं | ➢ स्थानीयस्तरमा सञ्चालन गर्न सकिने व्यापार व्यवसायका चुनौती एवं सम्भावना | ➢ विद्यार्थीको गाउँ टोलमा सञ्चालन भएका व्यापार व्यवसायहरूमा देखिएका चुनौतीहरू, सम्भावनाहरु भन्न लगाउने र टिपोर्ट गर्ने र आवश्यक पृष्ठपोषण दिने | ➢ व्यापार व्यवसायहरुमा देखिएका चुनौतीहरू सोध्ने<br>➢ व्यापार व्यवसायहरुमा देखिएका सम्भावनाका सूची बनाउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समस्या बताउन | | | | |
| | | ➢ स्थानीय स्तरमा उद्योगको आर्थिक योगदान बताउन | ➢ स्थानीय स्तरमा उद्योगको आर्थिक योगदान बताउन | ➢ विद्यार्थीहरुसँग स्थानीयस्तरमा चलेका उद्योगले गरेको आर्थिक योगदान सोध्ने, टिपोट गर्ने र आवश्यक पृष्ठपोषण दिने | ➢ स्थानीय स्तरमा चलेका उद्योगहरुको आर्थिक योगदान भन्न/ लेख्न लगाउने | |
| | | ➢ स्थानीय स्तरमा पर्यटन व्यवसायको सम्भावना र चुनौतीको पहिचान | ➢ स्थानीय स्तरमा पर्यटन व्यवसायको सम्भावना र चुनौतीको | ➢ विद्यार्थीको गाउँ टोलमा भएका पर्यटन व्यवसायको सम्भावना र चुनौती भन्न लगाइ टिपोट गर्ने<br>➢ छलफलको अन्तमा आवश्यक पृष्ठपोषण दिने | ➢ तिम्रो गाउँ टोलमा भएका पर्यटन व्यवसायको सम्भावना र चुनौती भन्न र लेख्न लगाउने | |
| ३ | ➢ स्वास्थ्य | ➢ सिकल सेलको न्युनीकरण र उपचार विधि बताउन<br>➢ | ➢ सिकल सेलको न्युनीकरण र उपचार विधि | ➢ सिकल सेलको न्युनीकरण गर्न आवश्यक योजनाको विषयमा छलफल गर्दै बुँदा टिपोट गर्न लगाउने,<br>➢ सिकलसेल न्यूनीकरण गर्नका लागि विद्यार्थी,समुदाय तथा अन्य सरोकारवालाहरूको भूमिका र गर्नसक्ने कार्य एवम् प्रयाससम्बन्धी छलफल गर्नेे र आवश्यक जानकारी दिने | ➢ सिकलसेल न्यूनीकरण गर्नका लागि विद्यार्थी,समुदाय तथा अन्य सरोकारवालाहरूको भूमिका र गर्नसक्ने कार्यहरू बताउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ४. | स्थानीय सामाजिक समस्या र विकृती | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृति न्यूनीकरणका उपायहरूको जानकारी दिन | | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूको सूची बनाउँदै न्यूनीकरण गर्नका लागि विद्यार्थी,समुदाय तथा अन्य सरोकारवालाहरूको भूमिका र गर्नसक्ने कार्य एवम् प्रयाससम्बन्धी छलफल गर्ने,<br>नाटक तथा भूमिका निर्वाह गर्न लगाउने<br>श्रव्य दृश्य सामग्रीको प्रयोग गरी थप स्पष्ट पारिदिने | स्थानीयस्तरमा देखिएका सामाजिक समस्या र विकृतिहरूका न्यूनीकरण गर्नका लागि क कसले के भूमिका निर्वाह गर्न सक्छ सोध्ने | |
| ५ | ➢ हरित विद्यालय | ➢ विद्यालयमा फूलबारी र घरमा करेसाबारी निर्माणमा सहभागी हुन<br>➢ आफ्नो घर टोलमा नगरपालिका क्षेत्रमा रहेका जडिबुटीको विशेषता एवं महत्त्व बताउन | ➢ विद्यालयमा फुलबारी र घरमा करेसाबारी निर्माण<br>➢ आफ्नो घर टोलमा घर टोलमा नगरपालिका क्षेत्रमा रहेका जडिबुटीको विशेषता एवं महत्त्व | ➢ फूलबारी तथा करेसाबारी निर्माण र अनुगमन पृष्ठपोषण दिने<br>➢ जडिबुटीको विशेषता एवं महत्त्व सोध्ने, टिपोर्ट गर्ने र पृष्ठपोषण दिने | ➢ विद्यालयमा फुलबारी र घरमा करेसाबारी निर्माणमा सहभागी गराई आवश्यक परियोजना कार्य दिने<br>➢ स्थानीयस्तरमा आफ्नो घर, टोल, नगरपालिका क्षेत्रमा रहेका जडिबुटीको विशेषता र महत्त्व लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | ➢ सूचना र सञ्चार प्रविधि | ➢ सूचना र सञ्चारको प्रयोग र प्रयोगमा सावधानी अपनाउन | ➢ सूचना र सञ्चारको प्रयोग र प्रयोगमा सावधानीका उपाय (साइबर क्राइम, सूचना र प्रविधिको प्रोयोगमा ध्यान दिनुपर्ने कुराहरु) | ➢ सूचना र सञ्चारको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन सक्छन ? सोध्ने, टिपोट गर्ने र पृष्ठपोषण दिने | ➢ सूचना र सञ्चारको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु भन्न लगाउने | |
| ७ | विपत व्यवस्थापन | सहयोगी संस्था र स्थानीय तहको भूमिका | ➢ विपत व्यवस्थापनमा सहयोगी संस्था र स्थानीय तहको भूमिका (रेडक्रस, स्थानीय क्लब वातावरण तथा विपत व्यवस्थान इकाई) | ➢ विपत व्यवस्थापनमा सहयोगी संस्था र स्थानीय तहको भूमिका सम्बन्धमा सोध्ने, टिपोट गर्ने र आवश्यक पृष्ठपोषण दिने | ➢ विपत व्यवस्थापनमा सहयोगी संस्था र स्थानीय तहको भूमिका भन/ लेख | |
| ८ | जीवनोपयोगी सीप र मानव मूल्यमा आधारित शिक्षा | ➢ Bullying (बदवासी र छेडछाड) विरुद्द प्रतिरोध र शक्तिकरण सिप विकास गर्ने,<br>➢ Resilience सीप (आफुलाई जस्तोसुकै परिस्थितिमा पनि समायोजन गरि सही निर्णय लिन सक्ने क्षमता) को विकास गर्ने | ➢ Bullying विरुद्द प्रतिरोध र शक्तिकरण सीप<br>➢ Resilience (आफूलाई जस्तोसुकै परिस्थितिमा पनि समायोजन गरी सही निर्णय लिन सक्ने क्षमता) सीप<br><br>➢ अभिभावकको प्रकार ( निरंकुश(authoritarian ), प्रजातान्त्रिक(democratic),स्वच्छदतावादी( permissive)र | ➢ Bullying विरुद्द प्रतिरोध गर्ने तरिका सोध्ने, टिपोट गर्ने र पृष्ठपोषण दिने<br>➢ Resilience सिप (आफुलाई जस्तोसुकै परिस्थितिमा पनि समायोजन गरि सही निर्णय लिन सक्ने क्षमता) को बारे सोध्ने, टिपोट गर्ने र आवश्यक पृष्ठपोषण दिने<br>➢ अभिभावकका प्रकारको वारेमा विद्यार्थीलाई जानकारी दिदै असल | ➢ Bullying विरुद्द प्रतिरोध गर्ने तरिकाहरू सोध्ने<br>➢ Resilience सीप (आफूलाई जस्तोसुकै परिस्थितिमा पनि समायोजन गरी सही निर्णय लिन सक्ने क्षमता) विकास गर्न आवश्यक व्यवहारहरू सोध्ने<br><br>➢ अभिभावकको वर्गीकरण गर्न लगाई असल अभिभावकको भूमिका / जिम्मेवारीहरू सोध्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वेवास्तावादी (neglectful)र असल अभिभाकका भूमिका/ जिम्मेवारी | अभिभावकको भूमिका सम्बन्धमा सोध्ने, टिपोट गर्ने र पृष्ठपोषण दिने | | |
| | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत | दैनिक जीवनमा आइपर्ने सामान्य लिखत तयार पार्न ( सम्झौता पत्र तथा बैङ्क भौँचर ) | सम्झौता पत्र तथा बैङ्क भौँचर | विद्यार्थीहरूमा भएको पूर्व ज्ञानको पहिचान गर्दै सम्झौता पत्र तथा बैङ्क भौँचरसम्बन्धी नमुनाहरू प्रस्तुत गर्ने,<br>समूह बनाई विद्यार्थीहरूलाई सम्झौता पत्र तथा बैङ्क भौँचर लेखनको अभ्यास गराउने | विद्यार्थीहरूलाई सम्झौता पत्र तथा बैङ्क भौँचरसम्बन्धी परियोजना कार्य दिने | |

## परिच्छेद ३
## मूल्याङ्कन योजना

विद्यार्थी मूल्याङ्कन आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्नेछ । निर्माणात्मक मूल्याङ्कनका मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नु पर्नेछ।

विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फाइल राख्नु पर्नेछ । यसलाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नु पर्नेछ । विद्यार्थीको उपलिब्धका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्नेछ । व्यक्तिगत प्रगति विवरण फाइलमा त्यसको अभिलेख राख्ने व्यवस्था पनि गर्नु पर्नेछ ।

विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सक्षमताका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नु पर्नेछ।

आधारभूत तह कक्षा १-३ मा १०० प्रतिशत निरन्तर मूल्याङ्कन, कक्षा ४-५ र कक्षा ६-७ मा ५० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ५० प्रतिशत भारको निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नु पर्नेछ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू आदि पर्नेछन् । यसलाई शिक्षकले निरन्तर मूल्याङ्कनका रूपमा सम्पन्न गर्नु पर्नेछ ।

आधारभत तहको अन्तमा नगरस्तरीय परीक्षा सञ्चालन गरिनेछ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिनेछ। कक्षा ६ र ७ मा आवधिको मूल्याङ्कन (लिखित र प्रयोगात्मक) र प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आँकलन दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनु पर्नेछ । प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आँकलनतर्फ अक्षराङ्कन पद्धतिबाट अभिलेखीकरण गरिनेछ । विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ ।

**प्रयोगात्मक कार्यः प्रयोगात्मक कार्यका लागि तल लेखिएबमोजिम घन्टीको व्यवस्था मिलाउनु पर्नेछ ।**

अवलोकन भ्रमणका लागि - १२ घण्टी

परियोजना कार्य - १० घण्टी

सरसफाइ अभियान - १० घण्टी